युद्धविराम कायम राख्न महासचिव गुटरेसको आग्रह | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २५ •अंक १५९ • २०७९ साल कार्तिक १८ गते शुक्रबार (4 November, Friday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

# 'नो रोड, नो भोट' उम्मेदवारलाई गाउ प्रवेश निषेध

**टुडे समाचारदाता**

जनकपुरधाम । आसन्न प्रतिनिधिसभा र प्रदेससभा निर्वाचनको उल्टो गिन्ती शुरु भएको छ। उम्मेदवारहरु धमाधम घर दैलोमा पुगिरहेका छन् । उम्मेदवारहरु मत आफ्नो पक्षमा तान्न दिनरात व्यस्त छन्। तर कृषि कर्म गरेर जिवन गुर्जाने मधेशका मतदाताहरु धान भित्रि् याउने तयारीमा छन् । धान खेतीको लागि मल नपाएका उनीहरु पुनः गहुँ खेतीको लागि मल अभाव हुने त्रासमा छन् । उम्मेदवारहरुले प्रत्येक चुनावको बेला घोषणापत्रमा सिँचाई र मल उपलब्ध गराउने प्रतिवद्धता जनाएपनि त्यो कार्यान्वयन हुन सकेको छैन् । कृषि सडकमासमेत उम्मेदावरको आँखा नपुग्दा मतदाता यसपालि झन आक्रोशित भएका छन् ।



उम्मेदवारको घोषणापत्र जनताले पत्याएका छैनन् । जितेर गाएपछि हरेक क्षेत्रमा नेताहरुले देखाएको नातावाद र कृपावादका कारण मतदाता अजित भएका छन् । रंगरुपी नेताहरुका कारण यस पटक केही मतदाता सचेत भएको देखिएको छ। उनीहरु उम्मेदवारलाई घरदैलोमा प्रश्न गर्न थालेका छन् । विकासको खाका माग गरिरहेका छन् । केही मतदाता भने वर्तमान दलका नेताहरुसँग दिक्क भएर विकल्प खोज्नुपर्ने मनस्थितिमा छन् । यसपालि भुमीगत भएर केही युवाहरुले भने 'नो नट अगेन'अभियान पनि चलाइरहेका छन् । यी अभियानले एक पटक जिताएको नेताहरुलाई पुनः नदोहऱ्याउन मतदातासँग अनुरोध गरिरहेका छन् ।

केही दिन अघि रौतहट निर्वाचन क्षेत्र नम्बर ३ मा स्वतन्त्र उम्मेदवार प्रभु साहलाई एक मतदाताले प्रश्न तेर्साएका थिए । उनीहरुबीच भनाभन भएको भिडियोसमेत सामाजिक सञ्जालमा भाइरल भएको थियो । विहीबार सर्लाहीमा पनि मतदाताहरुले 'नो सडक नो भोट'को नारा लगाएर प्रर्दशन गरे । उम्मेदवारहरुलाई निर्वाचन क्षेत्र नम्बर २ मा पर्ने कौडेना गाउँपालिका ३ प्रवेशमासमेत रोक लगाएका थिए । गाउँका युवाले हुलाकी राजगार्कमा ढाट राख्दै टायर बालेर प्रदर्शन गरे । उनीहरु हुलाकी राजमार्गको काम तुरुन्त हुनु पर्ने माग गरेका थिए । मतदाताले जनतालाई यस पटक सजिलै पत्याएका छैनन् ।

प्रत्येक वर्ष दलित तथा गरिव वस्तीमा नोटको भरमा मत खरिद बिक्री हुने गरेपनि यस पटक नेताहरुलाई मतदाताको विश्वास पाउन कठिन भइरहेको छ। यी वस्तीका बासिन्दाहरु पनि उम्मेदवारसँग विकास विकास बारे बहस गर्न थालेका छन् । शिक्षा, स्वास्थ्य, रोजगारी र सडक लगायतको विकासमा उम्मेदवारको योगदान बारे सोध्ने गरेका छन् । मतदातालाई यस वर्ष अन्य वर्षको तुलनामा कम दबाब देखिएको छ।

# निर्वाचन खर्चको अनुगमन सुरु

**टुडे समाचारदाता**

काठमाण्डु । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको प्रचारप्रसारका क्रममा जुलुस, आमसभा र कोणसभा गर्न पाउने चरण विहीवारदेखि सुरु भएसँगै निर्वाचन आयोगले दल र उम्मेदवारको खर्चको अनुगमन प्रारम्भ गरेको छ। आचारसंहिता बमोजिम निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैँ वा प्रतिनिधिमार्फत मतदान सम्पन्न भएको १५ दिनभित्र निर्वाचन कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए । सोका अतिरिक्त आयोगबाट केन्द्रस्तरको अनुगमन टोली खटिनेछन् ।

आयोगले उम्मेदवार तथा राजनीतिक दलले निर्वाचन आचारसंहिता, २०७९ को पालनसहित तोकेको (हद) सीमाभित्र रही खर्च गरे/नगरेको निगरानी गरी आचारसंहिताको दफा ४२ बमोजिम आयोगमा विवरण उपलब्ध गराउन गृह मन्त्रालयमार्फत नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागलाई जिम्मेवारी दिएको छ । आचारसंहिताा नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रीले आयोगको सहमतिमा निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी साधनको प्रयोग भए/नभएको विषयमा आवश्यक निगरानीको व्यवस्था गरिएको छ।

आयोगले निर्वाचन क्षेत्रको मतदाता संख्या र भूगोलका आधारमा प्रतिनिधिसभाको प्रत्यक्षका लागि २५ लाख देखि ३३ लाखसम्म र प्रदेशसभाको प्रत्यक्षतर्फ १५ लाखदेखि २३ लाखसम्म खर्च गर्न पाउने गरी हद निर्वाधरण गरेको छ । यस्तै समानुपातिक प्रणालीतर्फ प्रतिनिधिसभाका लागि सम्बन्धित दलले पेस गरेको बन्दसूचीमा सूचीकृत उम्मेदारको संख्या अनुसारप्रति उम्मेदवार दुई लाख र प्रदेशसभातर्फ एक लाख पचास हजार निर्धारण गरिएको छ।

**निर्वाचन आयोग ऐन, २०७३ को दफा २५, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा ४ र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र निर्वाचन खर्चको विवरण नबुझाउनेलाई आयोगले जरिवाना तोक्नेछ ।**

दल र उम्मेदवारले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम तथा निर्वाचन आचारसंहिता, २०७९ र सम्बन्धित निर्देशिका बमोजिम तोकिएको हदअन्तर्गत मतदाता नामावली खरिद, सवारीसाधन, प्रचारप्रसार सामग्री, गोष्ठी अन्तर्क्रिया, अन्य प्रचारप्रसार, छापा एवं विद्युतीय माध्यम (सामाजिक सञ्जालसमेत), कार्यालय सञ्चालन र प्रतिनिधि परिचालनलगायतका क्षेत्रमा खर्च गर्न पाउनेछन् ।

आयोगले गत असोज १६ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ राजनीतिक दल वा उम्मेदवारले गर्ने खर्चको अधिकतम सीमा निर्वाचन क्षेत्रको मतदाता संख्या, मतदान केन्द्रको संख्या र क्षेत्रफललाई आधार मानी सूत्रमा आधारित भई निर्वाचन खर्चको हद तोकेको हो । गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा निर्वाचन खर्चको विवरण नबुझाउने एक लाख १४ हजार नौ सय ५८ र तोकिएको समयावधिपछि निर्वाचन खर्चको विवरण बुझाउने आठ हजार छ सय ६६ समेत गरी कूल एक लाख २३ हजार छ सय २४ उम्मेदवारलाई आयोगबाट जरिवानासहित कारबाही गरिएपछि निर्वाचन खर्चको विवरण दुरुस्त राख्न दल र उम्मेदवार बाध्य भएका छन् ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा ४ र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र निर्वाचन खर्चको विवरण नबुझाउनेलाई आयोगले जरिवाना तोक्नेछ।

प्रत्यक्षतर्फ खर्चको सीमा निर्धारण गर्दा आयोगले निर्वाचन क्षेत्रमा कायम मतदाताको संख्यालाई ६० प्रतिशत,मतदान केन्द्रको आधारमा सम्बन्धित निर्वाचन क्षेत्रमा कायम भएको मतदान केन्द्रको सऱ्यालाई २० प्रतिशत र भौगोलिक क्षेत्रको हकमा सम्बन्धित निर्वाचन क्षेत्रले ओगटेको क्षेत्रफललाई २० प्रतिशत भारलाई आधार मानेको छ । आचारसंहिता बमोजिम निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैँ वा प्रतिनिधिमार्फत मतदान सम्पन्न भएको १५ दिनभित्र निर्वाचन कार्यालयमा पेस गर्नुपर्नेछ।

निर्वाचन खर्चको हिसाबकिताब आयोगले तोकेको ढाँचा र लेखाप्रणाली अनुसार राख्नुपर्ने र राजनीतिक दलको तर्फबाट हुने निर्वाचनसम्बन्धी स्वेच्छिक आर्थिक सहयोग लिँदा तथा खर्च गर्दा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३८ र निर्वाचन आचारसंहिता, २०७९ को दफा १६ बमोजिम गर्नुपर्नेछ।

राजनीतिक दलले निर्वाचनसम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोकी निजको नाम नामेसीसहितको विवरण दस दिनभित्र आयोगमा पठाउनुपर्नेछ।






# पहिलो खलमै मधेशको विजयी सुरुवात

टुडे समाचारदाता

जनकपुरधाम । प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगितामा मधेश प्रदेशले विजयी सुरुवात गरेको छ। बिहीबार मुलापानी क्रिकेट मैदानमा भएको खेलमा मधेशले प्रदेश नम्बर १ लाई ७२ रनले पराजित गरेको छ।




मधेशले प्रस्तुत गरेको दुई सय १५ रनको लक्ष्य पछ्याएको प्रदेश-१ ले ४३ ओभर १ बलमा सबै विकेट गुमाएर एक सय ४२ रनमात्र बनाउन सक्यो। प्रदेश-१ लाई सस्तैमा समेट्न मोहम्मद आदिल आलम, रुपेश सिंह, प्रदीप पासवान र विशाल सुस्लिङले समान दुई विकेट लिए। राजेश यादवले एक विकेट हात पारे। प्रदेश-१ का लभ कामतले २९, विवेक आनन्द मेहताले २५, फिर्दोस अन्सारीले २२ र मनिष थापाले ११ रन जोडे। यसअघि टस हारेर ब्याटिङमा आएको मधेश प्रदेशले निर्धारिता ५० ओभर खेल्न सकेनन्।

मधेशका ब्यटस् म्यानले ४८ ओभर १ बलमा सबै विकेट गुमाएर दुई सय १४ रनको योगफल तयार पारेको थियो। मधेशलाई सम्मानजक योगफलसम्म पुऱ्याउन अनिल साहले ६१ रन बनाएका थिए। विवेक यादवले ३२, रुपेश सिंहले ३०, रोहन विकले २८ र कप्तान हरिशंकर साहले १५ रन बनाए।

प्रदेश-१ बाट उत्कृष्ट बलिङ गरेका फिर्दोस अन्सारीले पाँच विकेट लिएका थिए। अन्सारीले ९ ओभर एक बलमा एक मेडन फ्याक्दै ३४ रन खर्चिएका थिए। कप्तान सिदान्त लोहनीले तीन विकेट लिँदा श्रवण यादव र लभ कामतले एक-एक विकेट लिएका थिए।

प्रतियोगिताको पहिलो खेलमा जित निकालेको मधेस समूह 'बी' को दोस्रो स्थानमा उक्लिएको छ। समान तीन खेलबाट दुई अंक जोडेको प्रदेश-१ चौथो स्थानमा छ। पाँच टिम रहेको समूहबाट शीर्ष दुई टिमले सेमिफाइनल यात्रा तय गर्नेछन्।

# जंगली हात्तीका कारण स्थानीय आतंकित



रञ्जन यादव

बारा । जंगली हात्ती (यमगज) का कारण पर्सा राष्ट्रिय निकुञ्ज वरपरको क्षेत्रका स्थानीयबासि आतंकित भएका छन्। एक महिलाको ज्यान लिईसकेको उक्त जंगली हात्ती बाराको अमलेखगंज, पथलैया, दुधौरालगायतको क्षेत्रमा दिनहुँ जसो देखिन थालेको छ।

यमगज वुधवार साँझ जीतपुर सिमरा उपमहानगरपालिका वडा नं. १ स्थित दुधौरा खोलाको बस्तीमा देखियो। यमगजको आतंकका कारण दुधौराका केही स्थानीय पथलैया आएर रात कटाएका छन्। रात्री समयमा बस्ती पस्ने गरेका कारण पनि यस क्षेत्रका स्थानीयमा त्रास बढ्दो छ। यमगजको आतंक नरोकिएपछि पर्सा राष्ट्रिय निकुञ्जले हात्तीको शरिरमा रेडियो कलर प्रविधि जडान गर्ने तयारी गरेको छ। उक्त प्रविधि जडान गरेपछि हात्ती कुन क्षेत्रमा रहेको जानकारी हुने र जनधनको क्षतीबाट जोगाउन सकिने आरक्षको भनाई छ।

हात्ती विज्ञसमेत रहेका पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत अशोक रामले जंगली हात्तीले दुःख दिन थालेपछि अपनाउने विधिहरुमध्ये दुई विधि प्रयोग गरिसकेको र अब तेस्रो विधि रेडियो कलर रहेको बताए। उनका अनुसार हात्तीले दुःख दिन थालेपछि पहिलो पटक धपाउने वा खेदने हो। धपाउदा वा खेददा समेत अटेर गरेमा दोस्रो विधि दारा काटेर छोडेने गरिन्छ। दारा काटेर छाडेपछि कतिपय हात्ती शान्त भएर अन्यत्रै जाने र यस वरपरको क्षेत्रमा नदेखिने रामले बताए।

तर यमगजले यस क्षेत्र नछोडेपछि तेस्रो विधि अन्तर्गत रेडियो कलर जडान गर्नुपर्ने देखिएको रामले जानकारीदिनुभयो। उक्त प्रविधि जडान गरेपछि हात्तीलाई मानव बस्तीमा प्रवेश हुन नदिनका लागि रेडियो कलरमार्फत हात्तीको अवस्थामा जानकारी हुने र गस्तीमार्फत धपाउन सकिने रामले बताए।

# मधेशमा समाचकेवाको रौनक

ओम प्रकाश यादव

गरुडा । छठ पर्वको समापनसँगै रौतहट सहित तराई मधेशका जिल्लाहरुमा अहिले समा चकेवा पर्वको रौनकता छाएको छ। तराई मधेसका जिल्लाहरुमा प्रत्येक वर्ष कार्तिक षष्ठी तिथी अर्थात पारनको दिनदेखि कार्तिक पूर्णिमाको मध्य रातिसम्म नाच गान गर्दै महिलाहरुले यो पर्व मनाउने गर्दछन्।

'गामके अधिकारी हमर बरकाभइया हो, सामचको सामचको अइहाहो अइहाहो 'जस्ता प्रसिद्ध गीतसंगीतबाट तराइ मधेशमा पारनको दिनदेखी नै समाचकेवाको रौनक चलिरहेको छ। यो पर्वमा माटोबाट बनाईएको सामा र चकेवाका साथै विभिन्न चराको मुर्ति, दियो, झारु आदि एउटा सानो बासको छैटीमा राखेर टाउको माथि राखेर दिदीबहिनीहरु विशेषगरी रातको समयमा गीत गाउने यो पर्वको विशेषता हो।

भाइ-बहिनीबीचको अगाध प्रेमलाई दर्शाउने पर्वको रूपमा मनाइने सामाचकेवा पर्व सहरी क्षेत्रमा लोप हुन थाले पनि ग्रामीण क्षेत्रमा अझै रौनकता बाँकी छ।

विगतमा हर्षोल्लास पूर्वक मनाइने यो पर्व वर्तमान समयमा सहरी क्षेत्रमा विधि पुऱ्याउन मात्र मनाउने गरिन्छ। दाजुभाइ र दिदीबहिनीको प्रेम प्रतीकका रुपमा रहेको यो पर्वमा माटाका विभिन्न प्रकारका जनावर, चरा र मानव लगाएतका मुर्ति बनाएर पुजापाठ गरी मनाईने परम्परा रहेको छ।



अहिले तराईका अधिकांश गाउँमा र केही सहरमा साँझ पर्नेबित्तिकै बालिका, किशोरी, युवती र महिलाहरू समूह-समूहमा बसेर विभिन्न गीत गाउँदै सामा खेल्न व्यस्त हुने गरेको भेटिन्छ।

सामा, चकेवा, चुगलाको माटोको विभिन्न प्रतिमा बनाई एवं बजारबाट किनेर बाँसको डालामा राखी साँझको समयमा गाउँका बालिका, युवती र महिलाले विभिन्न गीत गाउने र भाइको दीर्घायुको कामना गर्ने चलन छ।

खासगरी दाजुभाइसित सम्बन्धित यो पर्वमा माटोको कलात्मक मूर्तिहरु बनाइने गरिन्छ। मूर्ति बनाउन भाइटीकाकै दिन माटो ल्याएर यो पर्वको शुभारम्भ गरिन्छ। छठ पर्वको खरनादेखि मूर्ति बनाउने कार्य शुरु गरी कात्तिक पूर्णिमाको मध्यरात यो पर्व सम्पन्न गर्ने गरेको विशुनपूर्वा मानपुरकी मेनका यादवको भनाइ छ।

माटोबाट बनाइएका मानव, पशु र चराको मूर्तिहरु काँच अवस्थामा रहन्छ भने त्यसलाई 'सामा' र आगोमा पकाउने मूर्तिलाई 'चकेवा' भनिन्छ। दिदीबहिनीले दाजुभाइको दीर्घायु एवम मङ्गल कामना गर्ने यो पर्वले एक आपसमा सम्बन्ध प्रगाढ हुने धार्मिक एवम् सांस्कृतिक मान्यता रहिआएको छ। १० दिनसम्म चल्ने र पूर्णिमाको ११औं दिन माटोको विभिन्न प्रतीकलाई भाइको हातबाट फुटाई खनिएको खेत वा वनमा राखी बिसर्जन गरिने सामा भाइको दीर्घायु र स्वस्थको कामना गर्दै मनाइन्छ।

# घुससहित प्रहरी पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा घुससहित प्रहरी पक्राउ परेका छन्। विहीबार नगराइन नगरपालिका जटहीस्थितबाट चार हजार रुपैयाँ घुस रकमसहित वरिष्ठ प्रहरी नायव निरीक्षक देवकीलाल चौधरी पक्राउ परेका छन्।

उनीहरु सीमा प्रहरी चौकी जटहीमै कार्यरत थिए। उनलाई अख्तिार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासबाट खटेको टोलीले



नगराइन नगरपालिका वडा नम्बर २ जटहीस्थित विनायक इन्टरप्राइजेज मदिरा पसलबाट पक्राउ गरेको थियो।

चौधरीले सेवाग्राहीसंग चाहजार रुपैयाँ घुस लिइरहेको बखतपक्राउगरिएकोअख्तियारको कार्यालय बर्दिबासले जनाएको छ। घटनास्थलमा मुचुल्कासहित अन्य अनुसन्धानको काम भइरहेको जनाएको छ। यद्दपी उनले कुन प्रयोजनको लागि घुस रकम माग गरेको खुलेको छैनन्।

# मोरङका १६९ वडामा मतदाता शिक्षा कार्यक्रम

मोरङ । आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा बदर मत न्यूनीकरण गर्न प्रदेश नं १ निर्वाचन कार्यालय विराटनगरले मतदाता शिक्षा अभियानलाई आजदेखि मोरङमा सुरु गरेको छ।

निर्वाचन आयोग नेपालको मतदाता शिक्षा कार्यक्रम अभियानअन्तर्गत जिल्लाका १६ पालिकामा नमूना मतदान कार्यक्रम र १७ पालिकामा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको कार्यालयका प्रमुख लेवनकश्यप अधिकारीले जानकारी दिनुभयो। विराटनगर महानगरपालिमा नमूना मतदान कार्यक्रम बुधबार सञ्चालन भइसकेको छ।

गत स्थानीय तह निर्वाचनमा ठूलो मतपत्रमा मतदाता झुक्किने, एक पद निर्वाचित गर्नुपर्नेमा दुई जनालाई मतदान गर्ने जस्ता कार्यले बदर मत अत्यधिक भएको सन्दर्भमा सो कार्यलाई न्यूनीकरण गर्न नमूना मतदान र मतदाता शिक्षा प्रभावकारी हुने विश्वास कार्यालयको रहेको छ। नमूना मतदान कार्यक्रमअन्तर्गत आजदेखि सुन्दरहरैचा नगरपालिका, कटहरी गाउँपालिका, बुढीगङ्गा गाउँपालिका, ग्रामथान गाउँपालिका, धनपालथान गाउँपालिका र जहदा गाउँपालिकाको एक/एक स्थानमा मतदाता शिक्षा सञ्चालन गरिएको छ। नमूना मतदानमा मतदाताले प्रतिनिधिसभाको प्रत्यक्ष र समानुपातिकतर्फ दुईवटा मतपत्र, प्रदेशसभा सदस्य प्रत्यक्ष र समानुपातिक गरी दुई वटा मतपत्र गरी जम्मा चार वटा मतपत्रमा स्वस्तिक छाप लगाउनुपर्ने जानकारी दिइने कार्यालयका सूचना अधिकारी तीर्थराज अधिकारीले जानकारी दिनुभयो। कार्यालयले कात्तिक २० गतेसम्म दुई टोली खटाइ जिल्लाका पालिकाका छ स्थानमा दैनिक नमूना मतदान केन्द्र सञ्चालन गर्ने उहाँले बताउनुभयो।

कार्यालयले जिल्लाका १७ पालिकाको एक सय ६९ वडामा आजदेखि आगामी मङ्सिर १ गतेसम्म मतदाता शिक्षा कार्यक्रम सञ्चालन सुरु गरेको छ। वडाका महिला स्वास्थ्य स्वयंसेविकाले टोल, चोक र सामुदायिक विद्यालय एवं सार्वजनिक स्थानमा मतदातालाई मतदान गर्दा अपनाउनुपर्ने सावधानिका विषयमा जानकारी दिनेछन्।

स्वयंसेविकाले मतदातालाई चार वटा मतपत्रमा एक/एक जनप्रतिनिधि छान्न एक/एक स्वास्तिक छाप लगाउने, चारवटा मतपेटिकामा मत खसाल्ने, मतपत्र पट्याउने तरिका, स्वस्तिक चिह्न लगाउने तरिका लगायतका विषयमा जानकारी दिनेछन्।रासस

# अर्थतन्त्र सुधार्ने दलका घोषणापत्रमा के छन् ? के छैनन् ?

काठमाण्डु। सरकार र सरोकारवाला निकायले नै भनिरहेका छन्, "अहिले नेपालको वित्तीय स्वास्थ्य सहज अवस्थामा छैन।' चर्को मूल्यवृद्धि, विदेशी मुद्रा सञ्चितिमा चाप, बढ्दो आयातका कारण सिर्जित उच्च वैदेशिक व्यापारघाटा, न्यून विकास खर्च, तरलता अभाव, उत्पादनशील क्षेत्रमा घट्दो आन्तरिक तथा बाह्य लगानीलगायतका समस्या अहिले अर्थतन्त्रमा छन्। कोभिड महामारी र रुस-युक्रेन युद्धको प्रभावले विश्व अर्थतन्त्र खस्कँदो छ। त्यसका बाछिटाबाट नेपाल पनि अछुतो छैन।

आगामी मङ्सिर ४ गते हुन लागेको सङ्घ र प्रदेशसभा चुनावका लागि लक्षित गरेर अधिकांश राजनीतिक दलले आफ्ना घोषणापत्र जारी गरिसकेका छन्। तर उनीहरूका घोषणापत्रमा विश्व अर्थतन्त्र र नेपालको विद्यमान अवस्थालाई उपेक्षा गरेर वितरणमुखी र लोकरिझ्याइँका कार्यक्रमले बढी स्थान पाएको अर्थतन्त्रका जानकारहरूले बताएका छन्।

नेपालको आर्थिक अवस्था र वित्तीय धरातललाई बिर्सिएर मतदाता रिझाउने योजना प्राथमिकतामा राख्दा अर्थतन्त्र थप सङ्कटको दिशामा जान सक्नेतर्फ अर्थविद्हरूको चिन्ता छ। यद्यपि अघिल्ला चुनावको तुलनामा यसपटक केही यथार्थपरक घोषणा आएको प्रतिक्रिया पनि उहाँहरूबाट आएको छ। अहिले अर्थतन्त्रमा देखिइरहेका आन्तरिक र बाह्य चुनौतीलाई दलहरूले उपेक्षा गरेको अर्थविद् डा डिल्लीराज खनाल बताउनुहुन्छ। सुस्ताउँदो विश्व अर्थतन्त्र र नेपालले भोगिरहेका समस्या कस्ता छन् भन्ने विश्लेषण नगरी योजनामात्रै सुनाइएको तर्क खनालको छ। त्यस्तै योजनामात्रै सुनाउने तर त्यसलाई पूरा गर्ने स्पष्ट मार्गचित्र नसमेटिँदा चुनावी घोषणापत्र कार्यान्वयनको पक्षमाथि स्वाभाविकरूपमा प्रश्न उठ्ने उहाँ बताउनुहुन्छ।

आमरूपमा दलहरूबीच विकास र समृद्धिका लागि फरक योजना ल्याउने प्रतिस्पर्धा देखियो, त्यो आफैँमा सकारात्मक पनि हो', खनालले भन्नुभयो, "तर ती योजना कार्यान्वयन गर्न स्रोत कहाँबाट जुटाउने भन्ने उनीहरूले बोलेका छैनन्। चुनावलक्षित घोषणापत्रमा वित्तीय अनुशासन उल्लङ्घन हुने गरी समेत योजना राखिएका छन्।'

लोकप्रिय नारासहितका योजना ल्याएका दलले तिनको कार्यान्वयनका लागि स्रोत कहाँबाट जुटाउँछन् र अर्थतन्त्रले त्यसलाई कसरी धान्छ भन्ने विश्लेषण गर्न नसकेको उहाँको भनाइ छ। यद्यपि घोषणापत्रमा सबै वितरणमुखी कार्यक्रममात्रै आएको भनेर सङ्कुचितरूपमा विश्लेषण गर्न नहुने र गरिब, विपन्न तथा आर्थिकरूपले जोखिममा रहेका परिवारलाई त्यो आवश्यक रहेको पनि खनालले औँल्याउनुभयो। दलका घोषणापत्र सैद्धान्तिक तथा अवधारणागत हिसाबले राम्रा देखिए पनि कार्यान्वयनका पक्षबाट भने अमूर्त र धरातलीय दृष्टिकोणबाट निकै टाढा रहेको अर्का अर्थविद् डा चन्द्रमणि अधिकारी बताउनुहुन्छ। अर्थ-राजनीतिक भाष्य प्रयोग गरेर घोषणापत्र सुन्दर देखाउन खोजिए पनि त्यहाँ राखिएका योजनाको लक्ष्य प्राप्त गर्न नसकिने खालका रहेको उहाँको भनाइ छ।

सबै दलले घोषणापत्रमा राजनीतिक, आर्थिक, सामाजिकलगायत विभिन्न क्षेत्रमा सुधारका लागि लिएका सोच र प्राथमिकताका क्षेत्र लगभग उस्तै छन्। हाम्रा राष्ट्रिय दस्तावेजले पनि तिनै कुरालाई प्राथमिकतामा राखेको छ', अधिकारी भन्नुहुन्छ, "तर ती प्राथमिकताको कार्यान्वयन पक्ष यथार्थवादी देखिँदैन। कस्ता कार्यक्रम आवश्यक छन्, त्यसका लागि कस्तो स्रोत र साधन चाहिन्छ, त्यो स्रोत हामीकहाँ छ कि छैन ? जस्ता कुरालाई उपेक्षा गरिएको छ।' विश्व अर्थतन्त्र र नेपालको वस्तुस्थितिको मूल्याङ्कन गर्न नसकेको मात्र नभई जनजीविकाका सवालमा पनि घोषणापत्र चुकेको अर्थविद् अधिकारीको बुझाइ छ। "अहिले विश्व आर्थिक मन्दीको अवस्थामा छ। केन्द्रीय बैंकले मौद्रिक समस्या भोगिरहेको छ। यस्तो अवस्थामा नेपालले के गर्न सक्छ र के गर्नुपर्छ भन्ने कुरामा दलहरूको ध्यान पुगेको देखिएन', उहाँले भन्नुभयो, "अर्कोतर्फ जनताका चासो र सवाल के हुन् भन्ने कुरालाई पनि उनीहरूले बुझेनन्।' मूल्यवृद्धि नियन्त्रण, सहज रोजगारी, जनजीविकासँग जोडिएका विषय र आधारभूत पूर्वाधार विकासमा ध्यान दिइनुपर्नेमा त्यसो हुन नसकेको उहाँको बुझाइ छ।

***नेपालको आर्थिक अवस्था र वित्तीय धरातललाई बिर्सिएर मतदाता रिझाउने योजना प्राथमिकतामा राख्दा अर्थतन्त्र थप सङ्कटको दिशामा जान सक्नेतर्फ अर्थविद्हरूको चिन्ता छ। यद्यपि अघिल्ला चुनावको तुलनामा यसपटक केही यथार्थपरक घोषणा आएको प्रतिक्रिया पनि उहाँहरूबाट आएको छ।***

चुनावी एजेन्डा यथार्थपरक नहुने र कार्यान्वयन गर्न नसकिने कुरा यसअघिका चुनावमा ल्याइएका घोषणापत्रबाट पनि बुझ्न सकिन्छ। विसं २०७४ को घोषणापत्रमा राखिएका लक्ष्य अहिले फेरि दोहोरिएको अवस्थाबाट पनि दलहरूले मनलाग्दी योजना बनाउँछन् भन्ने स्पष्ट हुने अधिकारी बताउनुहुन्छ। "योजना भनेको वैज्ञानिक, तथ्यगत, क्षमताको आकलन गरिएको र स्रोत, साधनले भ्याउने हुनुपर्ने हो', उहाँले भन्नुभयो, "अर्कोतर्फ उनीहरू वितरणमा केन्द्रित छन्। रोजगारी सिर्जना, सीप तथा दक्षता विकासभन्दा पनि नगद वितरणलाई प्रोत्साहन गरिएको छ।'

निर्वाचनमा होमिएका दल तथा उम्मेदवारले आफ्नो विधायिकी भूमिकालाई गौण बनाएर आर्थिक कुरालाई प्रचारको माध्यम बनाउने गरेको काठमाडौँ विश्वविद्यालयका अर्थशास्त्रका प्राध्यापक अच्युत वाग्ले बताउनुहुन्छ। "घोषणापत्रमा दुईवटा स्पष्ट पक्ष हुनुपर्थ्यो। पहिलो, विधायिकी पक्ष अर्थात् विद्यमान कानूनी पक्षलाई सम्बन्धित दलले कसरी हेरेको छ भन्ने कुरा। र दोस्रो आर्थिक विकासका कुरा', वाग्लेले भन्नुभयो, "विधायकी पक्ष निःशर्त हो। दलका घोषणापत्रमा त्यो भूमिका गौण देखिन्छ। यसलाई सबै दलले अनदेखा गरेर आर्थिक एजेण्डालाई मात्रै जोड दिएका छन्।

मुलुकको अर्थतन्त्रको आकार बढाउन स्पष्ट मार्गचित्र दिन नसक्ने दलहरूले वितरणमुखी योजनाको फेहरिस्त घोषणापत्रमा राखेर प्रतिस्पर्धा गरिरहेको पनि वाग्लेको बुझाइ छ। "वितरणमुखी कार्यक्रममा प्रतिस्पर्धा भयो। यति धेरै वितरणमुखी कार्यक्रम ल्याउँदा त्यसको स्रोत के हो भनेर पनि खोजिएन। अर्कोतर्फ संस्थागत क्षमता नहुँदा कार्यान्वयन हुन सकेनन्', उहाँले भन्नुभयो।

पछिल्लो तीन दशकयताका सबैजसो चुनावमा ल्याइएका घोषणापत्रमा समान खालका योजना र कार्यक्रम दलहरूले राख्ने गरेका छन्। प्राध्यापक वाग्ले पनि यसमा सहमत हुनुहुन्छ। "विसं २०५१ र अहिलेका घोषणापत्रमा अधिकांश विषय समान छन्। केही प्राविधिक क्षेत्रमा बाहेक सबै उही योजना दोहोरिने हो', उहाँले भन्नुभयो। त्यस्तै मुलुक सङ्घीयतामा गइसकेपछि पनि केन्द्रीकृत मानसिकताबाटै काम भइरहेको र प्रदेश तथा स्थानीय तहका आवश्यकतालाई पनि केन्द्रबाटै परिभाषित गर्ने गरिएको वाग्लेको तर्क छ। "हाम्रो मानसिकता मै केन्द्रीकृत भयो र यसले विधायिकी भूमिका तल जान दिएन। यही मानसिकताका कारण प्रदेशस्तरको चुनावका लागि दलहरूले त्यहाँ छुट्टै घोषणापत्र ल्याउन सकेनन्', वाग्लेले भन्नुभयो।

त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका सहप्राध्यापक डा रमेश पौडेल दलका घोषणापत्र अनुसन्धान र अनुभवमा केन्द्रित हुन नसकेको बताउनुहुन्छ। आर्थिक ढाँचा र सार्वजनिक नीतिबारे अध्यापन गराइरहनुभएका पौडेल राजनीतिक दलले कुन हदसम्म सपना बाँड्न सक्छन् भन्ने उदाहरण घोषणापत्रमा देखिने बताउनुहुन्छ। "अनुसन्धानमा आधारित भई देशको वास्तविक समस्या बुझेर घोषणापत्र लेखिएका देखिँदैनन्। विगतका घोषणापत्रको समीक्षा गर्दा पनि उनीहरू सत्यको नजिक पुगेर योजना ल्याउँदैनन् भन्ने स्पष्ट हुन्छ', उहाँले भन्नुभयो। दलहरू आफूले चुनावमा जनाएका प्रतिबद्धता पूरा गर्नमा असफल छन्। तर यसपटकको चुनावमा केही फरकपना देखिएको पौडेलको बुझाइ छ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख। |
| बृष | : नयाँ कार्य हुने। |
| मिथून | : अवसर प्राप्त। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : बौद्धिक क्षमता। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : सुख समृद्धि हुने। |
| वृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : भ्रमण अवसर हुने। |
| कुम्भ | : प्रतिभा सम्पन्नता। |
| मीन | : धन बृद्धि सञ्चय। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कसैले पनि भोकै सुत्न नपरोस् नाङ्गै हिँड्न नपरोस् : गायक अमृत गुरुङ



काठमाण्डु । नेपथ्य ब्याण्डका मुख्य गायक अमृत गुरुङले कोही पनि मान्छे भोकै र नाङ्गै बस्नुपर्ने अवस्थाको अन्त्य हुन जरुरी रहेको बताउनुभएको छ ।

मानवीय सेवामा समर्पित मानवसेवा आश्रमले नेपथ्य ब्याण्डसँगको सहकार्यमा आगामी मङ्सिर १६ गतेदेखि मुलुकका प्रमुख १० सहरमा सुरु गर्न लागेको महिनाव्यापी साङ्गीतिक यात्रा (नेपथ्य लाइभ कन्सर्ट)को पूर्वसन्ध्यामा आज आश्रमको काठमाडौँ शाखा रानीवनमा आयोजित एक समारोहमा वरिष्ठ गायक गुरुङले मानवीय सेवाका लागि आफू सम्पर्कसेतु भएर काम गर्न तयार रहेको बताउनुभयो ।

'हामी एउटै अनुरोध गर्न सकौँ कि कुनै पनि मान्छे भोकै सुत्न नपरोस्, कुनै पनि मान्छे नाङ्गै हिँड्न नपरोस', उहाँले भन्नुभयो । मानवसेवा आश्रममा संरक्षित बेसहाराहरूको भोजन सेवामा सरिक हुँदै उहाँले आफू त्यसका लागि निमित्त वा सेतु भएको तर आश्रमले जे काम गरिरहेको छ, त्यो काम धेरै मान्छेले गर्न नसक्ने जिकिर गर्नुभयो ।

'काठमाडौँ उपत्यकामा ३५-४० लाख मान्छे बस्छन् होला तर ३५ जना मान्छे यो किसिमको भावना र सेवाका निम्ति आउन गाह्रो पर्ने ठाउँ हो, आश्रमले जुन तरिकाले काम गरिरहेको छ यहाँहरूलाई नमन छ, यहाँहरूको उद्देश्यलाई हामी होस्टेमा हैँसे गर्दै जाने प्रयास गर्नेछौँ', गायक गुरुङले थप्नुभयो । उहाँले आश्रमले देखाएको बाटोमा आफूहरू हिँड्न कोसिस गर्ने प्रतिबद्धता जनाउनुभयो । मानवीय कार्य अघि बढाएकामा आश्रमलाई धन्यवाद दिँदै गायक गुरुङले आश्रित बेसहारातर्फ फर्किएर भन्नुभयो, 'छिट्टै हामी मिलेर साङ्गीतिक कार्यक्रम गर्दैछौँ, हामीहरूलाई आशीर्वादको धेरै आवश्यकता छ, हामीलाई आशिष दिनुहोस्, तपाईँहरूका निम्ति हामी अरु धेरै काम गर्न सकौँ ।'

उक्त समारोहमा मङ्सिर १६ गतेदेखि पुस १६ गतेसम्म मुलुकका १० सहरमा हुने कन्सर्टको संयोजन गर्ने नेपालयका कार्यक्रम संयोजक अर्पण शर्माले मानवसेवा आश्रमको अभियानमा आफ्नो साथ सहयोग रहिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो । आश्रमका प्रमुख संरक्षक संस्कृतिविद् डा गोविन्द टण्डनले साङ्गीतिक माध्यमबाट विभिन्न सामाजिक अभियानमा लाग्नुभएका वरिष्ठ गायक गुरुङले मानवसेवा आश्रममै आएर सेवालाई प्रत्यक्ष अवलोकन गरी सेवाको अनुभूत गरेकामा खुसी व्यक्त गर्नुभयो ।

'अरुले भनेका भरमा केही कुराको अनुमान गर्न सकिन्न, आफ्नै आँखाले देखेमात्रै त्यो अनुभव लिन सकिन्छ, आज उहाँले त्यही गर्नुभएको छ, अब मानवसेवाको यात्राले अझै उचाइ लिनेछ', डा टण्डनले भन्नुभयो ।

मानवसेवा आश्रमले मानवताका लागि अभियान चलाउँदै आएको र यो साङ्गीतिक कार्यक्रमले मानवता प्रवर्द्धनमा ठूलो सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

उहाँले राज्यले गर्नुपर्ने काम आफ्नो कर्तव्य सम्झिएर आश्रमले बेसहाराहरूलाई उद्धार गरी संरक्षण गर्दै आएको जानकारी गराउँदै कोही पनि मानिस सडकमा आश्रित हुन नपरोस् भनेर अभियान अघि बढाउँदै आएको जानकारी दिनुभयो । डा टण्डनले उक्त सुकर्ममा सबैको साथ रहोस् भनी कामना गर्नुभयो । उक्त पवित्र कार्यमा जुन किसिमले सहयोग गर्न सकिन्छ, त्यो किसिमको सहयोग गर्न पनि उहाँले अनुरोध गर्नुभयो ।

मानवसेवा आश्रमको निर्माणाधीन भवन सम्पन्न गर्न र आश्रमको सेवालाई चुस्त बनाउने उद्देश्यले स्थापना गर्न लागिएको अक्षयकोषका लागि आश्रमले नेपथ्य लाइभ कन्सर्ट आयोजना गर्न लागेको हो ।

उक्त नेपथ्य लाइभ कन्सर्ट विराटनगरमा मङ्सिर १६ गतेदेखि सुरु भई काठमाडौँमा पुस १६ गते समापन हुनेछ । मङ्सिर १९ गते वीरगञ्जको आदर्शनगर रङ्गशाला, २२ गते हेटौँडाको भुटनदेवी स्कुलचौर, २५ गते भरतपुरको क्याम्पाचौर, २९ गते नेपालगञ्जको रङ्गशालामा कार्यक्रम गरिने आश्रमका अध्यक्ष रामजी अधिकारीले जानकारी दिनुभयो ।

यस्तै पुस ३ गते धनगढी रङ्गशाला, ६ गते सुर्खेतको खुल्लामञ्च, ९ गते बुटवलको कालिका मानवज्ञान मावि सेक्टर-२ (रामनगर) मैदान, १२ गते पोखराको प्रदर्शनी केन्द्र र अन्तिम कार्यक्रमको रूपमा अङ्ग्रेजी नयाँ वर्षको अघिल्लो रात 'न्यू इयर इभ' को दिन पुस १६ गते काठमाडौँको भृकुटीमण्डपमा हुनेछ ।रासस

# निष्पक्ष निर्वाचन हुने राष्ट्रपतिको विश्वास

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन भयरहित वातावरणमा स्वच्छ, स्वतन्त्र र निष्पक्ष गराउन निर्वाचन आयोगले कुनै कसर बाँकी नराख्ने विश्वास व्यक्त गर्नुभएको छ । राष्ट्रपति भण्डारीले निर्वाचन आयोग, नेपालका प्रमुख निर्वाचन आयुक्त एवं पदाधिकारीहरुसँगको भेटवार्ताका क्रममा निर्वाचनको व्यवस्थापन र तयारीका लागि आयोगले देखाएको क्रियाशीलताप्रति सन्तोष व्यक्त गर्दै भयरहित वातावरणमा स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउन आयोगले कुनै कसर बाँकी राख्ने छैन भनी विश्वास व्यक्त गर्नुभयो ।

उहाँले निर्वाचनको निष्पक्षता कायम गर्ने विषय आयोगको मात्र नभई राजनीतिक दल, उम्मेदवार एवं सम्बन्धित सबै सरोकारवाला र समुदायको पनि भएको हुँदा सबैको सहयोग, समन्वय र अन्तरसम्बन्धबाट निर्वाचन

***राष्ट्रपति भवन शीतल निवासमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनको व्यवस्थापन र तयारीका बारेमा अवगत गराउँदै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्षरुपमा सम्पन्न गराउन आयोगले गरिरहेको तयारीका कार्यहरुबारे जानकारी गराउनुभयो ।***

सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रपति भवन शीतल निवासमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनको व्यवस्थापन र तयारीका बारेमा अवगत गराउँदै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्षरुपमा सम्पन्न गराउन आयोगले गरिरहेको तयारीका कार्यहरुबारे जानकारी गराउनुभयो ।

सो अवसरमा आयोगका आयुक्तहरु रामप्रसाद भण्डारी र डा जानकीकुमारी तुलाधर, सचिव गोकर्णमणि दुवाडी र सहसचिव शालिग्राम शर्मा पौडेलसमेतको सहभागिता रहेको आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जानकारी दिनुभयो ।रासस

# प्रधानसेनापति ट्राइ एडभेन्चर मङ्सिरमा हुने




काठमाण्डु । नेपाली सेनाको आयोजनामा हुने पाँचौँ संस्करणको प्रधानसेनापति अन्तर ाष्ट्रिय ट्राइ एडभेन्चर प्रतियोगिता आगामी मङ्सिरमा हुने भएको छ ।


राष्ट्रिय तथा अन्तर्राष्ट्रिय टोलीको सहभागिता रहने उक्त प्रतियोगिता आगामी मङ्सिर ९ गते हुने बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमा नेपाली सेनाका सेनानी एवं उक्त प्रतियोगिताका निर्देशक राजीव चन्दले जानकारी दिनुभयो । उहाँले उक्त प्रतियोगितामा सहभागी हुन चाहने इच्छुक टोलीले आगामी मङ्सिर १ गतेसम्म टिम दर्ता गराउन पाउनेसमेत बताउनुभयो । उक्त प्रतियोगितामा निःशुल्क टिम दर्ता गराउन पाइनेछ ।

दौड, साइक्लिङ र ऱ्याफटिङ समावेश हुने उक्त प्रतियोगितामा एक टिममा चार खेलाडी सहभागी हुनेछन् ।

प्रतियोगितामा पहिलो स्थान हासिल गर्ने टोलीले रु दुई लाख प्राप्त गर्नेछ भने दोस्रो हुने टोलीले रु एक लाख ६० हजार पाउनेछ । त्यसैगरी प्रतियोगितामा तेस्रोले रु एक लाख, चौथोले रु २० हजार र पाँचौँ हुने टोलीले रु १० हजार पाउनेछन् ।रासस

# भक्तपुरमा मतदाता शिक्षा सुरु, ४८ स्वयंसेविका परिचालन

भक्तपुर । जिल्ला निर्वाचन कार्यालयले आजबाट मतदाता शिक्षा अभियान सुरु गरेको छ । आफूले रोजेको



उम्मेदवारलाई कसरी मत दिने र मत बदर नहुने गरी कसरी मतदान गर्ने भन्नेबारे मतदातालाई शिक्षा दिने गरी जिल्लाका चारवटै पालिकाका वडामा आजदेखि मतदाता शिक्षा दिन अभियान सुरु गरिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख नरेन्द्रप्रसाद न्यौपानेले जानकारी दिनुभयो ।

उहाँले आजैदेखि जिल्लाका भक्तपुर, मध्यपुरथिमि, सूर्यविनायक र चाँगुनारायण नगरपालिकाका प्रत्येक वडामा दुई/दुई स्वयंसेवक परिचालन गरी मतदाता शिक्षा प्रदान गर्न अभियान सुरु गरेको बताउनुभयो । कार्यालयले प्रत्येक वडामा दुई जनाका दरले महिला स्वयंसेविका परिचालन गरी मत बदर नहुने गरी मतदान गर्ने भन्नेबारेमा आम सर्वसाधारणलाई शिक्षा दिने र मतदान गर्न सिकाइने जनाइएको छ ।

मतदाता शिक्षाका लागि कार्यालयले ४८ स्वयंसेविकालाई तालिम दिएर वडा-वडामा परिचालन गरेको छ ।

मत चिन्हको वरिपरिको घेरामा नछोइनक मतदान गर्नेबारेमा शिक्षा दिने बताउँदै उहाँले अभियानमा खटिएका कुनै पनि स्वयंसेविकाले अभियानको फाइदा उठाएर कुनै दलको चुनाव चिन्हमा मतदान गर्न सिकाएको पाइएमा निर्वाचन आयोगले निर्देश गरेअनुसार कारवाही हुने जानकारी दिनुभयो ।

मतदाता शिक्षाले बदर मत घटाउन सहयोग पुग्ने विश्वास रहेको उहाँले बताउनुभयो ।रासस

# क्षतिपूर्ति नदिँदा पुल निर्माणमा ढिलाइ



भरतपुर । घरटहराको क्षतिपूर्ति नदिँदा नारायणगढ-मुग्लिन सडकखण्डका पुल निर्माणमा ढिलाइ भएको छ । सडकखण्डमा निर्माणाधीन १५ पुलमध्ये नौवटा पुल छेउमा रहेका घरटहराको क्षतिपूर्ति नदिँदा निर्माणमा ढिलाइ भएको हो ।

पुल छेउका घरटहरा भत्काउन नपाउँदा निर्माण कम्पनीले काम गर्न पाएका छैनन् । नारायणगढ-मुग्लिन सडक आयोजनाका प्रमुख किरण कार्कीका अनुसार पुलसँग जोडिएका २६ घरटहराको क्षतिपूर्ति सरकारले उपलब्ध गराउनुपर्नेछ । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको मुआब्जा निर्धारण समितिले नापजाँच र मूल्याङ्कनको काम गरेर सिफारिस गरिसकेको कार्कीले बताउनुभयो ।

"सडकखण्डमा पर्ने पुल आसपासका घरको रु ५० हजारदेखि रु सात लाखसम्म क्षतिपूर्ति दिनुपर्ने छ", उहाँले भन्नुभयो", रु एक करोड २५ लाख माग गरेका छौँ ।" उहाँले गतवर्ष क्षतिपूर्तिको रकम विनियोजन नहुँदा समयमै पुल निर्माण सम्पन्न गर्न नसकिएको बताउनुभयो ।

"यस वर्ष जसरी पनि क्षतिपूर्तिको रकम व्यवस्थापन गर्नुपर्ने छ, त्यसका लागि विभाग र मन्त्रालय धाइरहेका छौँ", कार्कीले भन्नुभयो । तिहारअघि भौतिक तथा पूर्वाधार मन्त्रालयका सचिव र सडक विभागका महानिर्देशकले समेत स्थलगत निरीक्षण गरेको भन्दै यस वर्ष क्षतिपूर्तिको रकम विनियोजन हुनेमा आशावादी रहेको उहाँले बताउनुभयो ।

"कतिपय स्थानको छेउछाउमा घरटहरा भए पनि बिचमा काम गरिरहेका छौँ", कार्कीले भन्नुभयो", स्थानीयसँग आपसी सहमति गरेर भए पनि काम गरेका छौँ ।" स्थानीयले क्षतिपूर्तिका लागि दैनिक अनुरोध गर्ने गरेको उहाँले बताउनुभयो । मुग्लिनबाट नारायणगढतर्फ जाने पहिलो पुलमा जग खन्ने बित्तिकै घरटहरा भत्किने भएका कारण क्षतिपूर्ति नदिँदासम्म काम सुरु गर्न नसकिएको कार्कीले बताउनुभयो । नाम्सी, रिद्धीखोला, खहरे, खोर, लामोबालुवा, भोर्ले र सिमलताल पुलका छेउमा रहेका घरटहरालाई क्षतिपूर्ति दिनुपर्ने प्रमुख कार्कीको भनाइ छ ।

विश्व बैंकको ऋण सहयोगमा निर्माणाधिन १५ पुलमध्ये चालु आर्थिक वर्षभित्र १२ वटाको निर्माण सकिने आयोजनाले जनाएको छ । निर्माण पूरा भएका पुल नजिकै सडकमा जोडिएका घरटहरालाई दिने क्षतिपूर्ति भने ऋण सहयोगमा परेको छैन । उक्त क्षतिपूर्ति सरकारले दिनुपर्ने छ । सरकारले त्यसका लागि बजेट निकासा गरेको छैन । आयोजनाका अनुसार यसै आर्थिक वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी तिहारपछि पुल निर्माण धमाधम भइरहेका छन् ।

आयोजना प्रमुख कार्कीले १५ मध्ये १२ पुल यसै आर्थिक वर्षभित्र निर्माण सम्पन्न गरिसक्ने बताउनुभयो । १९ पुलमध्ये चारवटा यसअघि नै निर्माण सम्पन्न भइसकेको उहाँले जानकारी दिनुभयो । पछिल्लोपटक १५ पुल निर्माणका लागि दुई प्याकेजमा ठेक्का आह्वान गरेर काम सुरु गरिएको हो । उहाँले पाँच पुल निर्माणको काम अन्तिम चरणमा रहेको र घरटहराको क्षतिपूर्ति दिलाउन सके तीन महिनाभित्र सात पुल निर्माण सम्पन्न हुने बताउनुभयो ।

तीमध्ये पहिलो प्याकेजको ४५ र दोस्रो प्याकेजको ८२ प्रतिशत काम सकिएको आयोजनाले जनाएको छ । समग्रमा १५ पुल निर्माणको काम ६० प्रतिशत सकिएको छ । सडकखण्डअन्तर्गतका पुललाई दुई भागमा विभाजन गरेर ठेक्का लगाइएको हो । प्याकेज-१ मा इच्छाकामना गाउँपालिकाको मुग्लिनबाट रिग्दीखोलासम्मका पुल छन् । जसमा खहरे, चिसेन्जी, तुइन, काली, टोपे, न्याम्सी र रिद्धीखोला गरी सात पुल छन् ।

प्याकेज-२ मा भरतपुर महानगरपालिकाअन्तर्गत सिमलतालबाट जुगेडीसम्मका पुल पर्छन् । जुगेडी, खहरे, खोर, लामोबालुवा, भोर्ले, झुम्रे, सिमलताल र सेतीदोभान खोला गरी आठ पुल छन् । यो प्याकेजअन्तर्गत जुगेडीबाहेक अन्य पुलको ९० प्रतिशत काम सकिएको आयोजनाले जनाएको छ ।

कार्कीका अनुसार प्याकेज-१ का सातवटा पुल चार सय ४२ मिटर लामा छन् भने प्याकेज-२ का आठ पुल ३ सय ८१ मिटर लामा छन् । पुलको गाडी गुड्ने ठाउँ ७.५ मिटर फराकिलो हुनेछ । दुवैपट्टि १.५ मिटर फराकिला फुटपाथ र २५ सेन्टिमिटर रेलिङका लागि छुट्याइएको छ । ठेकेदार कम्पनीलाई नक्साङ्कनसहित ठेक्का दिइएकाले कूल खर्चमा १० प्रतिशत तलमाथि हुनसक्ने आयोजनाले जनाएको छ ।

दुवै ठेक्का एउटै कम्पनीको रहेको छ । पन्ध्र पुलका लागि २०७६ चैत १० गते ठेकेदार कम्पनीसँग सम्झौता भएको थियो । सम्झौताको ३३ महिनामा काम सम्पन्न गर्ने गरी 'अनक कन्स्ट्रक्सन'ले ठेक्का लिएको थियो तर सम्झौताको म्याद सकिन दुई महिनामात्रै बाँकी छ । एक वर्ष म्याद थप गर्ने आयोजनाको तयारी छ । रासस

# सत्रवटा सञ्चारमाध्यमबाट आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण

काठमाण्डु । प्रेस काउन्सिल नेपालले गरेको निर्वाचन केन्द्रित आचारसंहिता अनुगमनका क्रममा १७ वटा समाचार माध्यमबाट आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण भएको पाइएको छ ।

यही कात्तिक १६ गते बेलुका ५ बजेसम्मको संख्यात्मक विवरणानुसार दुईवटा छापा माध्यम, दुई टेलिभिजन र १३ वटा अनलाइनले निर्वाचन आचारसंहिताप्रतिकूल समाचार तथा समाचार-सामग्री सम्प्रेषण गरेको काउन्सिलले जनाएको छ ।

ती समाचार माध्यममध्ये चारवटालाई निर्देशन, दुई वटालाई ध्यानाकर्षण, छवटालाई सचेत र चारवटालाई स्पष्टीकरणपत्र पठाइएको र दर्ता/सूचीकरण नभएका दुईवटा न्यूज पोर्टललाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने बनाउन नेपाल दूरसञ्चार प्राधिकरणमा पत्राचार गरिएको काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता दीपक खनालले जानकारी दिनुभयो ।

अनुगमनका क्रममा केही सञ्चारमाध्यमबाट राजनीतिक दल तथा उम्मेदवारको एकपक्षीय वकालत गर्ने, एउटै सामग्रीमा कुनै राजनीतिक दल, दलका उम्मेदवारका बारेमा पक्षपोषण गर्ने र कसैको बारेमा नकारात्मक प्रभाव पार्ने तथा होच्याउने किसिमले तथ्यगत पुष्ट्याइँबेगर विश्लेषण हुने गरेको पाइएको छ । काउसिन्सलले त्यसतर्फ सजगता अपनाउन पनि सम्पूर्ण सञ्चारमाध्यममा आग्रह गरेको छ ।

यस्तै राजनीतिक दलको आमसभा, भेलाजस्ता कार्यक्रममा एक-अर्को दल तथा दलका उम्मेदवारप्रति व्यक्त हुनसक्ने घृणास्पद अभिव्यक्तिलाई स्थान नदिनेतर्फ सञ्चारमाध्यम सजग रहनुपर्नेमा काउन्सिलले जोड दिएको छ । निर्वाचन आचारसंहिता, २०७९ को दफा २५(च) मा 'कसैको पक्ष वा विपक्षमा एसएमएस, फेसबुक, मेसेञ्जर, ट्वीटर, भाइबर, युट्युब, इन्स्टाग्राम, अनलाइनजस्ता विद्युतीय माध्यमको प्रयोग गरी कुनै सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न तथा त्यस्ता सामग्री सामाजिक सञ्जालमा सेयर, ट्याग, कमेन्ट वा प्रतिकमेन्ट गर्न नहुने' व्यवस्था रहेको हुँदा त्यसतर्फ ध्यान पुऱ्याउन काउन्सिलले पुनः स्मरण गराएको छ ।

काउन्सिलले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र संवर्द्धन गर्न सदैव क्रियाशील र सजग रहेको प्रष्ट पार्दै निर्वाचन सफल बनाउन राज्यका विभिन्न निकायजस्तै सञ्चार जगत्को पनि विशेष भूमिका हुने हुँदा स्वस्थ, स्वच्छ, स्वतन्त्र, मर्यादित र सन्तुलितरूपमा समाचार सम्प्रेषण गर्न सम्पूर्ण पत्रकार तथा सञ्चारमाध्यमलाई आग्रह गरेको छ ।रासस

# एक सय मतदान केन्द्र अपाङ्गतामैत्री बनाइँदै

काठमाण्डु । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि एक सय मतदान केन्द्रलाई अपाङ्गतामैत्री बनाइने भएको छ ।

निर्वाचन आयोगले गरेको निर्णय अनुसार ती केन्द्रमा साङ्केतिक भाषा सूची, त्यहाँ खटिने कर्मचारीलाई साङ्केतिक भाषा प्रयोगसम्बन्धी अभिमुखीकरण, मतदान गर्ने तरिकासम्बन्धी ब्रेल समाग्री, रङ्गीचङ्गी डोरी तथा पोल, ऱ्याम्प निर्माण, ह्वीलचेयर प्रवेश गर्न सक्ने मतदान केन्द्र निर्माण, अपाङ्गता भएका व्यक्तिका लागि टेबुल तथा कुर्सीको व्यवस्था गरिनेछ । आयोगले निर्वाचनका लागि कूल २२ हजार दुई सय २६ मतदान केन्द्र तय गरेको छ ।रासस


## सिन्दुरेघारी बहुमुखी क्याम्पस
### चन्द्रपुर ०९, सिन्दुरेघारी, रौतहट
### मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०७९/०७/१८**

यस कार्यालयबाट मिति २०७९/०७/११ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्र मध्ये तपसिल बमोजिम बोलपत्र न्यूनतम मूल्याकित सारभुतरुपमा प्रभावग्राही देखिन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | स्वीकृत हुने कम्पनीको नाम | कबोल अंक (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| १ | SMC/ WORKS/ 01/2079/080 | Construction of Sindureghari Multiple Campus Building | Samagra Construction & Suppliers Pvt Ltd , Chandrapur–9, Rautahat | 4998820.91 |

**क्याम्पस प्रमुख**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

# उपेन्द्र यादवको १५ वर्षको विरासत र मधेसी मतदाताको चुनौती



अनिल तिवारी

यस पटक न त मधेस आन्दोलनको 'राप-ताप' न मधेसी आन्दोलनका मांग वा अधिकारको मुदा। राता रात सत्ताधारी गठबन्धनबाट एमालेसंग जहसिए पछि इच्छाए अनुसारका भागबन्डा पाए।तर स्थानिय चुनावमा भएको हारजितको प्रतिशोध नसेलाउदै भएको गठबन्धन एमाले र जसपा दुबैलाई सकसमा पारेको छ। गठबन्धनलाई ठगबन्धन भन्दै दुबैदलबाट बिद्रोहको बिगुल बजाउदै धेरै नेता तथा तथा कार्यकर्ता बागी उम्मेदवार बनेर चुनौति दिएका छन। एमाले र ओली सबै भन्दा ठुलो मधेस बिरोधी भएको आरोप लगाउदै आएका उपेन्द्र यादव र उनका उम्मेदवार अहिले चुनावी सहधर्मीदल एमालेलाई गगाजल छर्केर शुद्ध बनाउदै मधेस प्रेमी बनाउने चुनावी अभियानमा लागेको छ।

मधेसी जनअधिकार फोरमको स्थानका काल देखि अध्यक्ष पदका स्थापित उपेन्द्र समय परिवेशसंगै रंग परिवर्तन गर्दै १५बर्ष देखि विरासत कायम राखेका छन् । राजनैतिक समय सापेक्ष बोली फेर्ने गजब खुबिका कारण पार्टी जतिपटक जुटे-टुटे पनि उनी आफ्नो बिरास बचाउदै आएका हुन।

तर अध्यक्ष यादव प्रति यस पटक मधेसको मोहभंग भएको बताइदै छ।सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभामा प्रत्यक्ष तर्फ चुनाव लडेका यादवसंग राष्ट्रिय नेता भनाउनु बाहेक केहि मुदा नरहेको चियो चर्चा चलेका छन्।

सविधान सभाको घोषणा पछि बनेको प्रधानमन्त्री ओलीको पहिलो बाम सरकारमा लहसिदै उपप्रधान मन्त्री बने पनि प्रचन्ड भक्तिको कारण उनलाई आलीले गलहत्याएरै सरकारबाट हटाए। त्यसलगतै पार्टी फुटन थाले पछि विभिन्न शक्तिकेन्द्रमा हारगुहार गर्दै महन्थ ठाकुरसंग एकिकरण गरे । तर ओली प्रतिगमकारी भए भन्दै पुन पार्टीलाई बिभाजन गराउन प्रचन्डसंग गासिए र शेरबहादुरको गठबन्धन सरकारमा समावेस भए।

तर एक्कासी राता रात उत्तरी दिशाबाट आएको निर्देशनले उनै प्रतिगामी एमालेसंगको गठबन्धनमा लागेको आरोप समेत मधेसमा चुनावी मदा बनेको छन् ।नागरिकता विद्येक लगायत प्रदेशलाई असफल बनाउने अभियानमा लागेको एमाले मधेस बिरोधी भएको बिषयहरु जसपलाई चुनावी मैदानमा गाह्रो बनाएको जानकारहरुको भनाइ छ। स्वय पार्टी अध्यक्ष हार्ने अवस्थामा रहेको आकलन गर्न थालिएको छ।

पहिलो चुनावमा मधेस आन्दोलनले निर्दिष्ट गरे अनुसार मधेसी दलको गठबन्धनले पाएको राजनैतिक शक्तिलाई ५बर्षमा सत्ताको लागी पटक पटक चिरहरण गरिएको कारण मधेसी दल र मधेस प्रदेश सरकार हुने जतिको भ्रष्ट्राचारमा लिप्त दिए पछि मधेसको जनमत फेरिएको छ । मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा गयो र सात प्रदेश सरकारहरु स्थापना भए । तर सविधानको अनुसार कानुन बनाउनमा प्रतिनिधिसभाको पुरै पांच बर्ष असफल भएको आरोपलाई पनि नकार्न सकिदैन ।त्यसको प्रमुख जिम्मेवार मधेसी दलरहेका छन्।

सत्ताको असबन्डा भन्दा पनि कानुन बनाउनमा मधेसी दलकेन्द्रित हुनु पर्थ्यो ।संध र प्रदेशसभाका प्रमुख दुईवटा जिम्मेवारी मात्र छन। विधि वा कानुन निर्माण र त्यसपछि सरकार निर्माण गर्नु हो। यी सीमा नेपालको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रले अपनाएको प्रमुख बिषयहो। तर त्यसो भएन, किन ?

गएको ५ पांचबर्षिय राजनैति क्रियाकलाप सविधानका आवश्यकता, महत्तव र औचित्य भन्दा बिलकुलै फरक देखिएको छ। सांसद र संसद दुवै कानुन बनानु भन्दा पनि 'विकास-निर्माण'बजेट खर्चिनमा प्रत्यक्ष संलग्न हुनु नै देखियो। मानौं, विधि निर्माण दोस्रो र सरकार बनाउने पहिलो वा भत्काउने आकस्मिक काम मात्र हुन।

२०७२ साउन पहिलो साता संविधानको प्रारम्भिक मस्यौदा आएदेखि सुरु भई असोज ३ मा संविधान जारी भएपछिको झण्डै छ महिना चलेको मधेस आन्दोलन पछि बनेको सरकारको ५ वर्ष मधेस मुदामा पुर्णरुपले असफल नै भएको आरोप छ। संविधानमा समावेश हुने अधिकारका कुरालाई लिएर मधेसमा विरोधको स्वर पहिलेदेखि आउन थालेको भए पनि २०७२ साउन ३१ का दिनदेखि सो आन्दोलन अनिश्चितकालीन तराई-मधेस आमहडतालमा परिणत भएको थियो। तर मांग पुरा नभइ मधेसी दलहरु चुनावी मैदानमा ओर्ले।

समय सापेक्ष राजनैतिक रणनिति र बोली जति फेरिए पनि पांच बर्षमा मधेस प्रदेश सरकारमा भएको हरेक भ्रष्टाचारका साक्षी उपेन्द्र यादव रहेको आरोपलाई नर्कान सकिदैन छ । उनका मुख्यमन्त्री लालबाबुको कार्यालयबाट चलेको हरेक प्रत्यक्ष कार्यक्रमहर,बेटि बचाउ, बेटि पढाउ,मुख्यमन्त्री स्वच्छता अभियान,छोरी बिमा कार्यक्रम लगायतका सबै कार्यक्रमहरुका फाइलहरु अख्तियार अनुशन्धान आयोगले तानेको छ।

साइकल खरिदमा भएको भ्रष्ट्रचारको मुदाबाट लालबाबुलाई उन्मुक्ती दिन भएभरको यादवले सत्ताधारी गठबन्धनको प्रयोग गरेको आरोप पनि छ । साइकल खरिद कान्डमा भएको भ्रष्ट्राचारको फाइलमा रहेका कागजहरु स्वयम मुख्यमन्त्रीले गायब गरेको आरोप लगायत प्रदेश सकारको भ्रष्टाचारलाई चुनावी अदालतमा लुकाउन जसपालाई ठुलो धौधौ परेको छ । तेस्रो मधेस बिद्रोहको संज्ञा दिइएको पछिल्लोपटकको आन्दोलनलाई पाँच वर्ष पछाडि फर्केर हेर्दा त्यसले देशलाई र मधेसलाई के दियो भन्ने सवाल आम मतदाताको छ ? परिणाम स्वरुप उपेन्द्र यादव र जसपासंग मधेसको मोह भंग भएको छ।

जो उक्त विद्रोहमा होमिए, कुटिए, राज्यको दमनले अंग गुमाए र परिवारका आत्मीय सदस्य गुमाए ती सर्वसाधारण भने ठगिएको महसुस गर्छन् । त्यसले गर्दा मधेसी र थारू समुदायमा रहेको असन्तुष्टि र मुद्दा बाँकी रहेसम्म अर्को आन्दोलन पनि बाँकी छ जस्तो धेरैलाई लाग्छ । तर मधेसी दलले देखाएको पांच बर्षको नाताबाद,क्रिपावाद ,पैसावाद,सत्तावाद र परिवर्तन बादले मधेसमा मधेसी दल र नेताप्रति ठुलो घृणा शृजना गरेको छ। त्यसमा पनि सबै भन्दा मधेस बिरोधी ,प्रतिगमणकारी लगायतका विभिन्न आरोप लगाउने तर फेरि सत्ता र टिकटसंख्या बढाउन उनै ओलीसंगको गठबन्धनले उपेन्द्र यादव र जसपालाई हराउने अभियान मधेसमा चलाइएको छ।

मधेसवादी शक्तिहरु दिन/प्रतिदिन फुटका कारण कमजोर भएका छन् । जसको मुख्यकारक उपेन्द्र यावद नै भएको लोसपाका नेता जितेन्द्र सोनको अरोप छ। उनी भन्छन, 'उपेन्द्रजीको कुरा र काम दुबै परस्पर विपरित हुन्छ, जे भन्नु हुन्छ, त्यो गर्नु हुन्न। जहिले पनि मधेस र मधेसीको हकहित भन्दा पनि वाह्य बामशक्तिको भक्ति नै जसपाको राजनैतिक गतिविधिलाई निर्दिष्ट हुने गरको हुन, जुन मधेसको लागी सधै घातक बन्दै आएको छ।'

मधेश आन्दोलनको बँचेखुचेको बलमा संविधानमा प्रविष्ट प्रादेशिक संरचनाले मधेसको सुन्दर भविष्य, मधेसी जनताको आकांक्षा र २१ औं शताब्दीको आवश्यकता परिपूर्ति गर्न सक्दैन। केन्द्रीय सरकारमा मधेसीको पहुँच अझै कोटामै सीमित छ । मधेस र मधेसीको अधिकारसँग गाँसिएका सवालहरूप्रति मधेस केन्द्रित राजनीतिक दलहरूको अडान चट्टानी छैन।

स्थनिय चुनावको रापतापले पनि जसपालाई ठुलो धक्का दिएको छ । सत्तामै टिक्नका लागी गरिएको गठबन्धनको बिरोधमा राजधानीका मतदाताले बालेन्द्र साहलाई जिताएका छन् । यति मात्र होइन कतिपय महानगरमा गठबन्धनका नेताले अगाडि सारेको परिवारवादलाई हराउदै स्वतन्त्र र बिरोधी उम्मेदवारलाई जिताएका छन् । आफैलाई मधेसको मसिहा भन्न रुचाउने उपेन्द्र यादव पनि गठबन्धनकै पुच्छर समातेर बैतर्णी तर्न खोजेका थिए । तर, उपेन्द्रको छोरा, मुख्यमन्त्री लालबाबु राउतको श्रीमती र स्वकिय सचिवको पराजयले परिवारवादलाई मधेसी जनताले शहिद प्रति गरिएको अपमानको कडा जवाफ फर्काए।

विराटनगर महानगरपालिकाको उपमेयरमा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवका पुत्र अमरेन्द्र यादव गठबन्धनका उम्मेद्वार थिए । आफ्ना सुपुत्रलाई जिताउन उपेन्द्रले करिव एक साता विराटनगरमै वसेर दौडधुप गरे। तर विराटनगरको चुनावी लहर दलगत भन्दा व्यक्तितर्फ बढेको देखियो। त्यसैले अमरेन्द्रको हातमा ठुलो पराजय मात्रै पर्यो। मुख्यमन्त्री लालबाबु राउतले आफ्नै जन्मथलोमा श्रीमतीलाई जिताउन नसक्नु र स्वकिय सचिवको जमानत पनि फिर्ता हुन नसक्नुले मधेश प्रदेशमा जसपाको छवी जोगाउन मुश्किल परेको देखाएको छ।

बिगत ५ बर्षमा उपेन्द्र यादवमा वढेको सत्तालोलुप्ता, परिवारवाद र मधेस प्रदेश सरकारको अनियमितता तथा भ्रष्टाचारले मधेसी जनता आजित भएका छन्। जसपाको विभाजन पुर्वी मधेसमा जनमत पार्टी कडा टक्कर र एमालेसंग भएको गठबन्धन पछि देखिएको वागी उम्मेदवारहरुको लहरले गठबन्धनलाई ठगबन्धनको सज्ञा दिन थालिएको छ। उपेन्द्र यादव लगायत जसपाका नेताहरुमा के घमण्ड भयो भने आफूहरुले जे निर्णय गर्छन, त्यो जनताले कार्यकर्ता सरह सहज ढङ्गले स्वीकार गर्छन्। जनतासंग विकल्प के छ र ? तर, स्थानिय चुनावी परिणामले जनमतको कदर गर्नु पर्ने हो भन्ने कुरा प्रमाणित गरेको छ।

दलहरु विभाजित हुनु, नेताहरूमा विलासिता बढ्दै जानु र अवसर पाएका बेला जनअपेक्षाअनुसार काम गर्न नसक्नु जस्ता कारणले मधेस केन्द्रित दल कमजोर बनेको विश्लेषकहरुको भनाइ छ। पार्टीको सही निर्णय, नेता कार्यकर्ताको सक्रियता र मतदाताको विश्वासका कारण स्थानिय चुनाव बिजयी हुने हो। तर, त्यो तीन वटै कुराको अभाव यो निर्वाचनमा देखियो। जसपाले यसलाई निर्मम रुपमा समिक्षा गरेन भने भोलीका दिनमा पनि हुने यही नै हो।

किनकी जनता कसैका रैती होईनन्।आज भन्दा ५ बर्ष अगाडी निर्वाचित नेताहरुले जनता संग गरेको वाचा : (१) मधेस आन्दोलनमा शहादत भएका परिवारजनलाई ५० लाख रुपैया दिइने घोषणा (२) मुलुककै दोश्रो ठुलो रंगशालाको रुपमा मानिने नारायणी रंगशालाको निर्माण गरिने (३) मधेस प्रदेशकै ठुलो तथा पुराना नारायणी अस्पताललाई केन्द्रिय अस्पताल सरहको भवन निर्माण तथा व्यावस्थापन गरिने (४) वीरगंजको मुल सडक फराकिलो गरी निर्माण गरिने, (५) कृषकहरुका लागि मल खादको समयमा उपलब्ध गराइने (६) श्रीसिया नदीलाई प्रदुषित पानी रहित बनाउने।

तर यो सबै कार्य गर्ने घोषणा गरेका नेताहरुको बोली अहिले फेरिएको छ। अहिलेपनि यो सबै कार्य जस्ताको त्यस्तै रहेको पाइन्छ । ५ बर्षमा भएको प्रगति भ्रष्ट्राचार ,अनिमितता,जातिवाद,कृपावाद र गुन्डावाद पनि बढेकै हो ।पत्रकार प्रश्ण गर्दा माइक हटाउने, अवाज उठाउदा प्रहरी लगाएर हिरासतमा राखिने, समाचार लेख्दा पत्रकारलाई नै कालोमोसो दल्ने, सार्वजनिक जग्गा हडपिने जस्ता कृयाकलापको लहर पनि मधेसमा खुबै चलेहको हो।

## सम्पादकीय

# असुरक्षाको बिच निर्वाचन

चुनावमा गरिने सुरक्षा बन्दोबस्त जनता तर्सिने वा सशङ्कित हुने प्रकारको हुनु हुँदैन। मतदाताले ढुक्कसँग मतदान प्रक्रियामा भाग लिन पाएमात्रै निर्वाचन स्वतन्त्र र निष्पक्ष हुन्छ । तर, निर्वाचन बहिष्कार गर्नेदेखि चुनाव जित्नै पर्ने मानसिकता भएका राजनीतिक दलका नेता कार्यकर्ताबाट निर्वाचनमा अशान्ति र हिंसा हुनसक्छ। यसप्रति राज्य बढी नै गम्भीर हुनु जरुरी छ। कम्युनिस्ट नाम भएका र नाममा नभए पनि आफूलाई कम्युनिस्ट ठान्ने गरी थुप्रै कम्युनिस्ट पार्टी निर्वाचनमा सहभागी छन्। प्रमुख दुवै गठबन्धनमा पनि कम्युनिस्ट फुँदा जोडिएकैहरू निर्णायक देखिन्छन्। तैपनि, चुनाव बहिष्कार गर्नका लागिसमेत अरू केही कम्युनिस्ट पार्टी बाँकी नै रहेछन्। नेत्रविक्रम चन्द, ऋषि कट्टेल र आहुतिका नामबाट सञ्चालित ३ वटा कम्युनिस्ट पार्टीले त चुनाव बहिष्कारमात्र होइन 'खारेजै' गर्ने निर्णय गरेका छन् । चुनाव बहिष्कारका लागि आह्वान गर्ने अधिकार नेपालको संविधानले नै नागरिकलाई दिएको छ । तर, चुनावमा भाग लिन चाहनेलाई बलपूर्वक रोक्ने वा निर्वाचन बिथोल्न हिंसा प्रयोग गर्ने हक भने कसैलाई पनि छैन । चुनाव बहिष्कार गर्ने घोषणा गरेका कम्युनिस्ट पार्टीमध्ये नेत्रविक्रम चन्द नेतृत्वको दल विगतमा हिंसात्मक क्रियाकलापमा संलग्न भइसकेको छ। जतिपटक हिंसामा संलग्न हुँदा पनि उन्मुक्ति पाउने गरेकाले नै त्यस समूहले फेरि धम्की दिएको हुनुपर्छ। गृहमन्त्री बालकृष्ण खाणले बुटबलमा सुरक्षा अधिकारीहरूलाई भनेजस्तै कुनै दल वा समूहका नाममा निर्वाचन बिथोल्न पाइँदैन। तर, चुनावलाई भयरहित र स्वतन्त्र बनाउन सुरक्षाको भरपर्दो प्रबन्ध मिलाउने दायित्व भने सरकारकै हो। चुनावमा हिंसा गर्नेहरूको मनोबल कमजोर बनाउन सरकारले भरपर्दो सुरक्षा प्रबन्ध मिलाउनुपर्छ। साथै, निर्वाचनमा सहभागी राजनीतिक दलहरू र हिंसाको विरोध गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदाय पनि स्पष्टरूपमा हिंसाको विरोधमा उभिनुपर्छ । नेपालमा सुरक्षाकर्मीलाई प्रायः संयम र सन्तुलन कायम राख्न निकै कठिन हुनेगरेको छ। हुलदंगा हुनेबित्तिकै या त भिडलाई खुला छाडिदिने नभए ज्यानै लिने गरी बल प्रयोग गर्ने गरिएका उदाहरण थुप्रै छन् । सुरक्षाकर्मी संयमित र चनाखो हुने हो भने सम्भवतः चुनाव बिथोल्न हिंसात्मक उपाय अपनाउनेहरू सफल हुनसक्ने छैनन्। हिंसामा संलग्न अपराधीलाई राजनीतिमा नाममा उन्मुक्ति दिने अभ्यास अन्त्यमात्रै गरे पनि हिंसाचारीहरू हतोत्साही हुनेछन्।

# स्वास्थ्य केन्द्रित गैरसरकारी संस्थामा लैंगिक समानता



सुमिता घिमीरे

लिंग र लैंगिकता २ यस्ता कुरा हुन् जसले जीवनको हरेक पक्षमा सदैव प्रभाव पारिरहेका हुन्छन्। त्यसैले होला सन् १९४८ मा नै संयुक्त राष्ट्र संघले लैंगिक समानताले अन्तराष्ट्रिय मानव अधिकारको रुपमा घोषणा गरिसकेको छ। र लिंग र लैंगिकताबारे कुरा अहिले सम्मपनि उठिरहेकै छन्। नेपालले पनि सन् २०१५ को संविधानमा महिलाको अधिकारलाई मौलिक हकको रुपमा स्थापना गरिसकेको छ।

तर अझैपनि लैंगिक असमानताको सुचकांकको आधारमा हेर्ने हो भने हामि १६० देशमध्ये ११० स्थानमा पर्छौं। त्यसोभए के हामि लिंग र लैंगिकताको हिसाबमा अझैपनि जहाको त्यहि छौ त? अनि हामि, विशेषगरी गैरसरकारी संस्थाले लिंग र लैंगिकता सम्बन्धी करोडौको कार्यक्रम संचालन गर्दा आफ्नो कार्यस्थल तथा आफ्नो संस्थालाई लैंगिकतामैत्री बनाउन सफल भएका छौ त? कि कार्यस्थलमा लैंगिकताको कुरा बत्तिमुनीको अध्यारो झैं भएको छ ?

यो कुरा केलाउन पछिल्लो समयसम्म हामीसँग कुनै ठोस तथ्यांक थिएन। तर भर्खरै ग्लोबल हेल्थ ५०/५० तथा "जेण्डर एंड हेल्थ ५०/५० नेपाल" रिपोर्टले स्वास्थ्य संस्थामा काम गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थामा लिंग तथा लैंगिकतासंग सम्बन्धित मुद्धाहरुको अवस्थालाई केलाएको छ। समाज कल्याण परीषदमा दर्ता भएका कैयौं राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुमध्ये स्वास्थ्य क्षेत्र मा काम गर्ने ३० राष्ट्रिय गैरसरकारी संस्था तथा ४७ अन्तराष्ट्रिय गैरसरकारी संस्था गरिजम्मा ७७ वटा संस्थालाई लिएर अनुसन्धान गरिएको छ।

**लैङ्गिक समानताका लागि सार्वजनिक प्रतिबद्धता**

अनुसन्धान गरिएका ३० राष्ट्रिय गैरसरकारी संस्थामध्ये १३ ले मात्र लैंगिक समानताको लागि सार्वजनिक प्रतिबद्धता गरिएको देखियो। ३० मध्ये ३ वटा संस्थाले मात्र लैंगिक समानताको कुरा गर्दा लैंगिक अल्पसंख्यकको पनि कुरा गरेको देखियो। त्यसैगरी ४७ अन्तराष्ट्रिय गैरसरकारी संस्थामध्ये ४३ ले लैंगिक समानताको लागि प्रतिबद्धता गरिएको देखियो।

**व्यवस्थापकिय तहमा महिला**

अनुसन्धान गरेकामध्ये एक तिहाई राष्ट्रिय गैरसरकारी संस्थाहरुमात्र महिलाद्वारा संचालन गरिएको देखियो। १९ वटा संस्थाले विवरण उपलब्ध गराएकोमा १२ संस्थामा एक तिहाइ भन्दा बढी महिलाहरु व्यवस्थापकीय भूमिकामा रहेको देखियो। अन्तरास्ट्रिय गैरसरकारी संस्थाहरुको हकमा लगभग आधा संस्थाहरुको मुख्य भूमिकामा महिला रहेको देखियो।

**सुत्केरी बिदा**

सुरक्षित मात्रिता तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ मा सुत्केरी अगाडी वा पछाडि गरेर कुनैपनि सरकारी वा गैरसरकारी संस्थामा काम गर्ने महिलाले कम्तिमा पनि ९८ दिनको तलबी बिदा पाउने अधिकार उल्लेख गरिएको छ। तर अनुसन्धानमा जम्मा ११ वटा राष्ट्रिय गैरसरकारी संस्थाले मात्र सो सम्बन्धी व्यवस्था भएको नीति देखाए। जसमध्ये १० वटा संस्थाले दिने गरेको बिदा नियम भन्दा कम रहेको देखियो। राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्था गरेर ३० वटा संस्थाहरुको संस्थागत नीति हेर्दा जम्मा १७ संस्थाले मात्र नियमानुसार विदाको व्यवस्था गरेको देखियो।

**यौन उत्पीडन बिरोधी नीति**

अनुसन्धानमा ३० राष्ट्रियस्तरका गैरसरकारी संस्थामध्ये ११ मा मात्र आफ्ना कर्मचारीका लागि यौन उत्पीडन बिरोधी नीति बनेको देखियो। त्यसैगरी ४७ मध्ये १७ वटा अन्तराष्ट्रिय गैरसरकारी संस्थाले मात्र यौन तथा उत्पीडन बिरोधी नीति अनुसन्धानकर्तालाईउपलब्ध गराएका थए।

**कार्यक्रमहरुको लैंगिकता सम्बन्धी रणनीति**

३० वटा राष्ट्रिय गैरसरकारी संस्थामध्ये ९ वटा संस्थाहरुमा अझैपनि लैंगिकताको कुरालाई आधार मानेर कार्यक्रम बनाउने अभ्यास देखिएन। ४७ मध्ये २ अन्तरास्ट्रिय गैरसरकारी संस्था अझैपनि जेन्डर ब्लाइन्ड देखिए।

**सुझाव**

**राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका संस्थाहरुमा महिला सहभागिता बढाउन निम्न कुराहरुमाध्यान दिन जरुरी छ :**

१) कार्यस्थलमा यौन उत्पीडनबिरोधि नीति बनाउने तथा आफ्ना सम्पूर्ण कर्मचारीलाई यस बिसयमा सचेतनामुलक तालिम प्रधान गर्ने।

२) व्यवस्थापकीय तहमा महिलाको संख्या बढाउनको लागि ठोस लक्ष्य सहितको योजना बनाउने तथा समय समयमा त्यसको उपलब्धि तथा कमजोरी केलाउने।

३) महिलाको सहभागिता सम्बन्धि यकिन तथ्यांक प्राप्त गर्दा कार्यक्रमको रेपोर्तिंग सिस्टममा त्यसैअनुसारको परिवर्तन गर्ने।

४) लैंगित समानता तथा सहभागिताको कुरा गर्दा महिला पुरुस मात्र नभई लैनिकताको स्पेक्ट्रममा पर्ने अन्य लैंगिक अल्पसंख्यकको पनि समानता सुनिश्चित गर्ने।

# दल र उम्मेदवारले अब के-कस्ता कार्यक्रम गर्न पाउँछन्

**बीबीसी**

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने आमनिर्वाचनका लागि बिहीवारबाट उम्मेदवार र दलहरूले गर्ने प्रचारप्रसारको "दोस्रो चरण" सुरु भएको जनाएको छ। दोस्रो चरणको प्रचारप्रसार सुरु भएसँगै अब दलहरूले यसअघि आचारसंहिताले बन्देज लगाएका कतिपय प्रचारप्रसारका "शैली" अपनाउन सक्ने आयोगका प्रवक्ताले बताएका छन्।



चुनावमा सहभागी दलका नेताहरूले पनि प्रचारप्रसारको दोस्रो चरण सुरु भएसँगै आफूहरूले "व्यापक र जनस्तरसम्म पुग्ने खालका" थप कार्यक्रमहरू गर्न सुरु गरेको जानकारी दिएका छन्। आयोगले चाहिँ दोस्रो चरणको प्रचारप्रसारका बेलामा पनि निर्वाचन आचारसंहिताको उल्लङ्घन हुनसक्ने भन्दै त्यसको "कडा निगरानी" गरिने जनाएको छ।

**दोस्रो चरणमा के गर्न पाइन्छ ?**

यसपटकको निर्वाचनमा आयोगले समय तोकेर निश्चित दिनमा मात्र कतिपय प्रचारप्रसारका काम गर्न पाउने जनाएको थियो । सोही अनुसार आचारसंहिता बनेकाले दलहरूले बुधवारसम्म आमसभा र कोणसभा समेत गर्न पाएका थिएनन्।

बुधवार आयोगमा आयोजित पत्रकार सम्मेलनमा प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले अब दल तथा उम्मेदवारहरूले "आमसभा र कोणसभा गर्न पाउने" बताए। तर उनले आचारसंहिताले तोकेभन्दा बाहिर गएर कुनै पनि कार्यक्रम गर्न नपाइने र त्यस्तो गरेको पाइएमा उम्मेदवारी खारेजीसम्मको कारबाही हुनसक्ने बताए । दलहरू तथा उम्मेदवारले अब मङ्सिर १ गतेसम्म त्यस्ता प्रचारप्रसार गर्न पाउँछन् । त्यसपछि भने निर्वाचनको मौन अवधि सुरु हुन्छ। थपलियाका अनुसार अब पत्रपत्रिका, अनलाइन वा सामाजिक सञ्जालमा विज्ञापन गर्न समेत पाइन्छ।

त्यस्तै प्रधानमन्त्री, मन्त्रीजस्ता पदाधिकारीले पनि चुनावी सभाहरूमा अनुमति लिएर जान पाउने तर त्यस क्रममा सरकारी स्रोत र सम्पत्तिको प्रयोग गर्न नपाउने थपलियाले जानकारी दिए । आयोगले चुनावमा दल र उम्मेदवारले गरेको खर्चको विवरणको परीक्षण पनि गर्ने जनाएको छ।

**भिडिओ क्याप्शन सुरु हुँदैछ,**

जान्नुहोस् तपाईँको मतको महत्त्व, यसरी चुनिनेछन् प्रतिनिधि र प्रदेशसभा "त्यसक्रममा सभाहरू गर्दा बनाइएको मञ्चको खर्चको विवरण समेत आयोगमा बुझाउनुपर्छ," प्रमुख निर्वाचन आयुक्त थपलिया भन्छन्। खर्चको विवरण निर्वाचन सम्पन्न भएको मितिले १५ दिनभित्र आयोगमा बुझाउनु पर्नेछ।

**दलहरूको तयारी के छ ?**

प्रचारप्रसारको दोस्रो चरण सुरु भएसँगै आफ्ना चुनावी गतिविधिलाई अझ व्यापक पार्न लागेको निर्वाचनमा सहभागी दलका नेताहरूले बताएका छन्। त्यसक्रममा पार्टीका मुख्य नेताहरूको उपस्थितिमा सकेसम्म सबै प्रदेशहरूमा आमसभा गर्ने तयारीमा प्रमुख दलहरू रहेको नेताहरूले जानकारी दिएका छन्।

सत्ताधारी गठबन्धनले चाहिँ गठबन्धनमा सहभागी दलका मुख्य नेताहरूलाई उपस्थित गराएर त्यस्ता कार्यक्रम गर्ने तयारी गरेको नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) का नेताहरूले बताए । नेकपा (एमाले)ले सुदूरपश्चिम प्रदेशबाट सुरु गरेर देशका विभिन्न स्थानमा पार्टी अध्यक्षकै उपस्थितिमा सभाहरू गर्ने तयारी गरेको उक्त दलका नेताहरूले बताएका छन्।

आफ्नो दलका उम्मेदवारलाई कसरी मत हाल्ने भन्ने सिकाउँदै दलका कार्यकर्ताहरू चुनाव प्रचारमा सक्रिय भइरहेका छन् आफ्नो दलका उम्मेदवारलाई कसरी मत हाल्ने भन्ने सिकाउँदै दलका कार्यकर्ताहरू चुनाव प्रचारमा सक्रिय भइरहेका छन् नेपाली कांग्रेसका नेता प्रकाशशरण महतले "बाहिरी प्रचार अभियान गर्न आयोगले तोकेको समय सुरु भएपछि" अब व्यापक रूपमा चुनावी अभियान अगाडी बढाइने बताउँछन्।

"अब पार्टी र गठबन्धनको नेतृत्वसँगको सरसल्लाहमा आवश्यकता अनुसार कार्यक्रम हुन्छन्। सबैतिर केन्द्रीय नेतृत्व पुग्न सम्भव हुँदैन, तर आवश्यक स्थानमा केन्द्रीय नेतृत्वको उपस्थिति हुन्छ ।" उनका अनुसार सत्ता गठबन्धनले कतिपय स्थानमा "संयुक्त सभा" पनि गर्नेछन्। नेकपा माओवादी केन्द्रका एकजना नेता गणेश साहका अनुसार पनि गठबन्धन दलहरूले जिल्ला स्तरसम्म चुनावका लागि संयुक्त समन्वयात्मक संयन्त्रहरू बनाएका छन् । "हामी संयुक्त रूपमा छलफल गरेर नै कार्यक्रमहरू तय गरिरहेका छौं। केन्द्रका कुन नेतालाई ल्याउने भन्ने छलफल गरेर सभाहरू हुनेछन्," चुनावका लागि मधेश प्रदेशमा खटिएका उनले भने।

**भिडिओ क्याप्शन सुरु हुँदैछ,**

**नेपाल निर्वाचनः मतदान गर्न नपाएका सुरक्षाकर्मी र कर्मचारी के भन्छन ?**

प्रतिपक्षी एमालेले भने अधिकांश स्थानमा एकल सभाहरू गर्ने उक्त दलका नेता प्रदीप ज्ञवालीले बताए। "हामी दार्चुलाको खलङ्गामा चुनावी सभा गरेर प्रचारप्रसार सुरु गर्छौं। एमालेका अनुसार उक्त दलका अध्यक्षले सम्बोधन गर्ने देशैभरि कुल २५ वटा ठूला सभा हुनेछन्। कतिपय स्थानमा एमालेले समेत केही उम्मेदवार र दलहरूसँग चुनावी तालमेल गरेको छ।

त्यस्ता स्थानमा संयुक्त सभाहरू पनि हुनसक्ने ज्ञवालीले बताए । त्यस्तै अन्य साना दलहरूले पनि आमसभा तथा अन्य खाले प्रचारप्रसारका गतिविधिलाई विस्तार गर्ने बताएका छन्।

# पश्चगामी तीन दलीय गठबन्धनले मुलुक चलाउँदैन : गृहमन्त्री खाण



भैरहवा । गृहमन्त्री बालकृष्ण खाणले नेकपा (एमाले), राप्रपा र जसपाबीचको तीनदलीय गठबन्धन पश्चगामी भएको बताउनुभएको छ । उहाँले यो गठबन्धनले देश चलाउन नसक्ने दाबी गर्नुभएको छ ।

एकापसमा विचार र सिद्धान्तसमेत नमिल्ने र जनताको सङ्घर्षबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रको विपक्षमा उभिएका शक्तिहरूबीचको गठबन्धनले मुलुकलाई पश्चगमनतर्फ लैजाने उहाँले बताउनुभयो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पाँचदलीय गठबन्धनको तर्फबाट रुपन्देही क्षेत्र नं ३ का प्रतिनिधिसभा उम्मेदवारसमेत रहुभएका खाणले आज भैरहवामा आयोजित तरुणप्रशिक्षण कार्यक्रममा बोल्दै नेपालको राष्ट्रियताको संरक्षण गर्दै मुलुकलाई अग्रगमनको दिशामा अगाडि बढाउन पाँचदलीय गठबन्धन बनेको बताउनुभयो । “तीनदलीय गठबन्धन प्रतिगमनको पक्षमा छ । प्रतिक्रिया गर्न सक्छ । तर यसले देश चलाउन सक्दैन, उहाँले भन्नुभयो ।

पञ्चायतविरुद्ध विसं २०४६ मा र २०६२/६३ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र ल्याउँदा पनि कांग्रेस र वाममोर्चा मिल्दा सफल भएको उल्लेख गर्दै उहाँले त्यतिबेला नागरिकमाथि दमन गर्नेलाई जनताले राम्रोसँग चिनिसकेको बताउनुभयो । लोकतान्त्रिक गणतन्त्रबाटनै जनता मालिक बनेको उल्लेख गर्दै उहाँले गणतन्त्रको माध्यमबाट नेपाली नागरिकको अवस्था बदल्न र रोजगारी सिर्जना गरी नेपाली जनतालाई खुसीयालीमा बदल्न पनि पाँचदलीय गठबन्धन आवश्यक रहेको जिकिर गर्नुभयो । व्यवस्था बचाएर नागरिकको अवस्था बदल्न तथा पाँच वर्षभित्र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न पाँचदलीय गठबन्धनले मात्र सक्ने उहाँको भनाइ छ । उहाँले युवामाथि मुलुकले ठूलो भरोसा राखेको बताउँदै युवा ऊर्जाशील भएर उत्पादनमा जोडिनुपर्नेमा जोड दिनुभयो । खाणले अग्रगमन र रूपान्तरणको पक्षमा काम गर्न तरुण युवालाई आग्रह गर्नुभयो ।

कार्यक्रममा पाँचदलीय गठबन्धनका तर्फबाट प्रदेशसभा-३ (१)का उम्मेदवार सन्तोषकुमार पाण्डेयले युवामा देखिएको उत्साहले पाँचदलीय गठबन्धनको जित सुनिश्चितजस्तै भएको दाबी गर्नुभयो । उहाँले देशमै रोजगारीका अवसर सिर्जना गरेर युवालाई आत्मनिर्भर बनाउने स्पष्ट योजना र कार्यान्वय गर्न सक्ने क्षमता आफूहरूसँग मात्र भएको जिकिर गर्नुभयो । उहाँले गृहमन्त्री खाण विगतमा तरुण दलको अध्यक्ष भएपछि धेरै युवामा आशाको किरण पलाएको र अहिले पनि मन्त्री खाणले युवाको विश्वासमा कमी आउन नदिएको बताउनुभयो ।रासस

# केही समयसम्म गठबन्धन रहन्छ– प्रधानमन्त्री देउवा

डडेल्धुरा । प्रधानमन्त्री शेरबहादुर देउवाले केही समयसम्म गठबन्धन कायम रहने बताउनुभएको छ । गृहजिल्लामा आयोजना गरिएको चुनावीसभालाई सम्बोधन गर्न डडेल्धुरा आइपुग्नुभएका नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री देउवाले गठबन्धनको अपरिहार्यता अझै रहेको बताउनुभयो ।

पूर्वप्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले लोकतन्त्र मास्ने र संविधान च्यात्ने प्रयास थालेपछि पाँचदलीय गठबन्धन बनेको स्मरण गर्दै उहाँले लोकतन्त्र र संविधानको रक्षाका लागि गठबन्धन एक भएको बताउनुभयो ।

बिहीबार गृहजिल्ला डडेल्धुरा पुग्नुभएका प्रधानमन्त्री देउवाले जिल्ला सदरमुकाममा आयोजना गरिएको गठबन्धनको चुनावीसभालाई सम्बोधन गर्नुभएको हो । सभामा उहाँले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ र नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालका साथै अन्य दलको सहयोगमा आफूले नचाहँदा पनि प्रधानमन्त्री बन्नुपरेको स्पष्ट पार्नुभयो ।

ओलीले सरकारको नेतृत्व गरिरहेकै बेला दुईपटक मध्यरातमा संसद् विघटन गरेको घटना, लोकतन्त्र र जनताको मर्म बुझ्ने गरी निर्माण भएको संविधानको बर्खिलापमा लाग्न थालेपछि माओवादी, समाजवादी, जनमोर्चा र अन्य मधेसवादी दलका नेतताको सहयोगमा आफूले नेतृत्व लिएको उहाँको भनाइ थियो ।

जनतालाई झुटा आश्वासन र गफका भरमा देशको गरिमा नै खतरामा पारिरहेको अवस्थामा ओलीको सर्वसत्तावाद र स्वेच्छाचारी प्रवृत्तिबाट मुक्त गर्न पाँच दलीय गठबन्धन गरी देशलाई हाँकिरहेको प्रधानमन्त्री देउवाले जिकिर गर्नुभयो । “त्यसैले यो गठबन्धन देशको आर्थिक समुन्नति र बेरोजागारीका साथै



समृद्ध नेपाली नबनेसम्म रहिरहन आवश्यक छ, उहाँले भन्नुभयो ।

उहाँले डडेल्धुराको विकासका लागि आफू सधैँ लागिपरेको जनाउँदै डडेल्धुरा-धनगढी चार लेन सडक निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । डडेल्धुरामा मेडिकल कलेजको काम अगाडि बढिसकेको स्मरण गराउँदै उहाँले पश्चिमसेती जलविद्युत् परियोजनाका लागि भारतसँग सम्झौता गरी काम अगाडि बढिसकेको जानकारी दिनुभयो । अन्य ग्रामीण सडक विस्तार र प्राविधिक शिक्षासँगै गुणस्तरीय शिक्षाका लागि पनि आफू लाग्ने उहाँले स्पष्ट गर्नुभयो ।

प्राचीन धरोहर र मौलिकता ओगटेका कुरालाई जोगाएर राख्नका लागि जिल्लावासीलाई प्रधानमन्त्री देउवाले आग्रहसमेत गर्नुभयो । स्थानीयस्तरमा बजार तथा गाउँका नाम परिवर्तन गर्दा मौलिकता हराउँदै गएको उहाँको भनाइ थियो ।

प्रधानमन्त्री देउवाले गठबन्धनका उम्मेदवारलाई भोट हाल्न सङ्कोच नगर्नसमेत जिल्लावासीलाई अनुरोध गर्नुभयो । आफूलगायत गठबन्धनका नेताले एक-अर्काको पार्टीलाई पटक-पटक भोट हालेको जनाउँदै जिल्लावासीलाई पनि कुनै द्विविधामा नरही गठबन्धनबाट उम्मेदवार बनेका नेतालाई जिताउन अपिलसमेत गर्नुभयो ।

प्रधानमन्त्रीसँगै उहाँकी धर्मपत्नी आरजु देउवा राणा, केन्द्रीय सदस्य नैनसिंह महर, माओवादी पोलिटब्यूरो सदस्य खगराज भट्ट, सुदूरपश्चिमका सामाजिक विकासमन्त्री गोविन्दराज बोहरा, राष्ट्रिय जनमोर्चाका केन्द्रीय उपाध्यक्ष नन्दराज भट्ट, जगत् पार्कीलगायतका नेताले सत्ता गठबन्धनका उम्मेदवारलाई जिताउनका लागि जिल्लावासीलाई अनुरोध गर्नुभयो ।रासस


# राजनीतिक दलका एजेण्डा बन्यो ग्रीन हाइड्रोजन

काठमाण्डु । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)का पूर्वअध्यक्ष शेष घलेको पहलमा गत महिना ऊर्जाको वैकल्पिक स्रोतको खोजी गर्ने ध्येयका साथ ग्रीन हाइड्रोजन समिटको आयोजना गरियो ।

खासगरी रशिया र युक्रेनबीचको विवादका कारण विश्वबजारमा इन्धनको मूल्य अकाशिएको छ । त्यसको प्रभाव संसारभर नै परेको छ । नेपाल पनि त्यसबाट अछुतो रहेको छैन । विश्वभर नै ऊर्जाका विभिन्न स्रोतहरुको खोजी भइरहेको छ । सोही क्रममा ग्रीन हाइड्रोजनका बारेमा चासो र चर्चा सुरु भएको छ । केही देशले त उत्पादन नै सुरु गरिसकेका छन् । भएको छ । नेपालमा उत्पादन हुने हाइड्रोजन र एमोनिया विश्व बजारमै प्रतिस्पर्धी बन्ने देखिएको छ । उहाँले अब बिजुली बेच्ने नसोचिकनै हाइड्रोजन र एमोनिया निर्यात गर्ने सोचका साथ सरकारले केही प्रारम्भिक काम अगाडि बढाएको बताउनुभएको छ ।

यसै सन्दर्भमा राजनीतिक दलले पनि आफना घोषणापत्रमा ग्रीन हाइड्रोजनका विषयलाई मुखररुपमा उठाएका छन् । ऊर्जाको विकल्पका रुपमा संसारभर नै अगाडि बढेको यस विषयलाई ऊर्जा मन्त्रालयले अगाडि बढाएको छ ।

वाम लोकतान्त्रिक गठबन्धनमा आबद्ध नकेपा(माओवादी केन्द्र)ले आफ्नो




घोषणापत्रमा आगामी पाँच वर्षभित्र हाइड्रोजन प्लान्ट स्थापना गर्ने विषयलाई महत्वका साथ स्थान दिएको छ ।

विश्वमा बढ्दो ऊर्जा सङ्कटलाई मध्यनजर गर्दै आवश्यक नीति र संस्थागत संरचना विकास गर्ने सो पार्टीको घोषणापत्रमा समावेश गरेको छ । नेपालमा हाल दुई हजार तीन सय मेगावाट बराबरको बिजुली उत्पादन भइरहेको छ । आगामी दुई वर्षभित्र प्रणालीमा थप तीन हजार पाँच सय मेगावाट बराबरको बिजुली उत्पादन हुनेछ । बिजुलीको प्रयोग गरी ग्रीन हाइड्रोजन उत्पादन गर्ने विषयलाई माओवादीले आफ्नो घोषणापत्रमार्फत बहसमा ल्याएको छ ।

माओवादी केन्द्रका सचिव गणेश साहका अनुसार विज्ञान प्रविधिको बदलिँदो विश्वपरिवेश अनुसार विज्ञान प्रविधिमा लगानी वृद्धि र उपयोगमा जोड दिने नीति घोषणापत्रमा राखिएको छ । सोही मान्यताअनुसार नै सो पार्टीले ग्रीन हाइड्रोजनका विषयलाई आफ्नो घोषणापत्रमा समावेश गरेको जनाएको छ ।

संसारका दुई अर्ब मानिसका मानिसको स्रोतका रुपमा रहेको हिमाल पग्लन थालेको, हिमनदीमा त्यस्तै समस्या देखिएको छ । व्यवसायी घलेको समूहले ऊर्जाको वैकल्पिक स्रोतमा लगानी गर्ने सोचको विकास गरेको छ । नेपाल ग्रीन हाइड्रोजनको हब बन्न सक्छ भन्ने उहाँको भनाइ छ ।

नेपालमा क्रमशः ऊर्जाको उपलब्धतामा वृद्धि हुँदै गएको छ । वर्षायाममा भारतलाई तीन सय ६४ मेगावाट बिजुली बिक्री गरिएको भएपछि पछिल्ला दिनमा चाडबाडको समयमा झण्डै पाँच सय मेगावाट बराबरको बिजुली खेर गएको छ ।

बिजुलीको प्रयोग गरेर नेपालमा उपलब्ध हुने स्वच्छ पानीबाट ग्रीन हाइड्रोजन उत्पादन गर्ने र त्यसलाई वैकल्पिक ऊर्जाका रुपमा विश्व बजारमा बिक्री गर्ने योजनाका साथ आफूहरू यसमा लागिपरेको व्यवसायी घलेले राससको कुराकानीका क्रममा बताउनुभएको थियो । उहाँले १०० मिलियन अमेरिकी डलर लगानी गरेर ५० मेगावाट क्षमताको ग्रीन हाइड्रोजन उत्पादन गर्ने बताउनुभएको थियो ।

नेपालका हिमशृङ्खला विश्वव्यापी जलवायु परिवर्तनको उच्च जोखिममा छन् । त्यहाँका हिमाल र हिमतालको हिउँ नै कोसी, गण्डकी, कर्णालीलगायत अन्य नदीको मुहान हुन् । यी नदी नै गङ्गा नदीको तटमा बसोबास गरिरहेका ५० करोडभन्दा बढी मानिसले पिउने पानीको स्रोत बनिरहेको तर जलवायु परिवर्तनको असर स्वरुप निम्तिएको तापक्रम वृद्धिलगायत अन्य लक्षणका पहिलो प्रहार तिनै हिमालको हिउँ र हिमतालमाथि भइरहेको छ ।

गत वर्ष कोप-२६ मा सहभागी भएको नेपालले सन् २०४५ सम्ममा कार्बन तटस्थ बन्ने प्रतिबद्धता जनाएको छ । जलवायु परिवर्तनका कारण बढ्दो जोखिम, विश्वव्यापीरुपमा कार्बन उत्सर्जन कम गर्नुपर्ने आवश्यकताजस्ता विविध समस्यामाथि नेपालले नेतृत्व गरेर समाधान दिनसक्ने अवसर पनि हाइड्रोजनबाट नै देखिन्छ ।

कार्बनडाइअक्साइड तथा कार्बन मोनो अक्साइडजस्ता विशालु ग्यासको उत्सर्जन घटाउन पनि स्वच्छ ऊर्जाको प्रयोग बढाउनुपर्ने आवश्यकता छ । नेपालले सक्रियरुपमा पर्यावरणीय समस्याको दीर्घकालीन समाधानका लागि नवीनतम् उपाय पत्ता लगाउनु जरुरी भइसकेको छ । हाइड्रोजनबाट एमोनिया हुँदै रासायनिक मल कारखाना खोल्ने गरी ‘पाइलट प्रोजेक्ट’ निर्माण गर्ने निष्कर्षमा सरकारसमेत पुगेको छ ।रासस

विशेष गरी नेपाल विद्युत् प्राधिकरण, नेपाल आयल निगम र काठमाडौं विश्वविद्यालयको सहकार्यमा ग्रीन हाइड्रोजनका बारेमा राम्रै तयारी पनि सुरु भएको छ । सो विश्वविद्यालयले प्रयोगशाला नै स्थापना गरेर ग्रीन हाइड्रोजनजका बारेमा काम सुरु गरिसकेको छ । जलवायु परिवर्तनको खास कारक बन्दै गएको जिवाष्म इन्धनको विकल्प खोज्ने क्रममा उपयुक्त विकल्पका रुपमा ग्रीन हाइड्रोजनको अवधारणामा काम सुरु भएको हो ।

विश्वका ठूला भनिएका देश अमेरिका, बेलायत, चीन र भारतमा पनि यसका बारेमा धेरै काम भइसकेको छ । सरकारले पनि ग्रीन हाइड्रोजनका चासो व्यक्त गर्दै आवश्यक तयारी थालिसकेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मनत्रालयले यसबारेमा अवधारणा नै तयार पारेको छ ।

अर्थमन्त्री जनार्दन शर्माका अनुसार ग्रीन हाइड्रोजनका सम्बन्धमा नीतिगत व्यवस्था गरेर हाइड्रोजन उत्पादनका लागि अब बहस मात्रै नभई लगानी र प्रविधि भित्र्याउने बेला

# वरिष्ठ उपाध्यक्ष पोखरेलद्वारा प्रतिबद्धता पत्र सार्वजनिक

काठमाण्डु । नेकपा (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले आफ्नो २८ बुँदे प्रतिबद्धता पत्र सार्वजनिक गर्नु भएको छ ।

आसन्न निर्वाचन अन्तर्गत काठमाण्डु क्षेत्र नं ५ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार उहाँले बिहीबार आयोजित कार्यक्रममा प्रतिबद्धता सार्वजनिक गर्दै संविधानको रक्षा र कार्यान्वयनमा जोड दिनुभयो ।

“स्थानीय तहको निर्वाचनमा एमालेद्वारा घोषणा-पत्र प्रतिबद्धता पत्रको कार्यान्वयन गर्न संघीय र प्रदेश सरकारका तर्फबाट स्थानीय तहका जनप्रतिनिधिलाई विशेष सहयोग र समन्वय गर्ने प्रतिबद्धता गर्दछौँ”, प्रतिबद्धता पत्रमा भनिएको छ । भौतिक संरचना निर्माण गर्दा भिन्न रुपले सक्षम नागरिक तथा बालबालिकामैत्री संरचनाहरु निर्माण गर्न पहलगरिने प्रतिबद्धता पत्रमा उल्लेख छ ।

एमालेले आगामी निर्वाचनमा सो क्षेत्रको प्रदेशसभा (१)मा पार्टीका केन्द्रीयसदस्य नारायण सिलवाल र प्रदेशसभा (२)मा पार्टीका काठमाडौं जिल्लाअध्यक्ष दीपक निरौलालाई उम्मेदवार बनाएको छ ।रासस

# अग्रगामी शक्तिलाई विजयी गराउन एकताबद्ध भएर लाग्नुपर्छ : अध्यक्ष दाहाल

काठमाण्डु । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा अग्रगामी शक्तिलाई विजयी गराउन एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिनुभएको छ ।

राजधानीमा बिहीबार आयोजित प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि गोरखास्थित वाम- लोकतान्त्रिक गठबन्धनका उम्मेदवारको परिचयात्मक तथा भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले आगामी निर्वाचनलाई सामान्य निर्वाचनका रुपमा मात्र सङ्घर्षबाट प्राप्त उपलब्धिको रक्षाका लागि परिवर्तनकारी शक्ति एक ठाउँमा आउनुपर्ने बताउनुभयो । “संविधानसभाबाट जारी संविधान, गणतन्त्र र सङ्घीयताको रक्षार्थ हामी एक ठाउँमा आएको छौँ”, उहाँले भन्नुभयो, “आगामी मङ्सिर ४ गते प्रतिगामी प्रवृत्ति पराजित हुन्छ, अग्रगामी शक्ति अगाडि आउँछ ।”

गणतन्त्रको जग दह्रो भएर समृद्धिको ढोका नखोलेसम्म अग्रगामी शक्तिबीचको एकता र सहकार्य आवश्यक रहेको जनाउँदै अध्यक्ष भट्टराईले आसन्न निर्वाचन परिवर्तनका पक्षमा



नलिन सम्बद्ध नेता कार्यकर्तालाई आग्रह गर्नुभयो ।

“मङ्सिर ४ को निर्वाचनमा प्रतिगमनले जित्ने कि अग्रगमनले जित्ने, सुशासनले जित्ने कि अराजकताले जित्ने भन्ने छ, यो सामान्य निर्वाचन मात्र होइन, अन्य निर्वाचनभन्दा भिन्न छ”, अध्यक्ष दाहालले भन्नुभयो, “यो निर्वाचनमा अग्रगमनलाई जिताउन पूरा तागतका साथ एकताबद्ध भएर लाग्नु पर्नेछ ।” आर्थिक समृद्धिमार्फत जनताको मन नजितेसम्म राजनीतिक परिवर्तन दिगो हुन नसक्ने जिकिर गर्दै उहाँले अब विकास र समृद्धिको नयाँ यात्रा गोरखाबाटै सुरु हुने बताउनुभयो ।

“नेपालमा राजनीतिक स्थिरता र विकासको नयाँ युगतिर अब ढुक्कसँग जान सकिने वातावरण बनाउनु पर्नेछ । अब यो राजनीतिक प्रक्रियाको सफलताका निम्ति आर्थिक विकास अपरिहार्य शर्त हो”, गोरखा क्षेत्र नं २ का उम्मेदवारसमेत रहनुभएका अध्यक्ष दाहालले भन्नुभयो, “यदि हामीले जनताको दैनिक जीवनमा आर्थिक समृद्धिको यात्रा सुरु भएको अनुभूति दिलाउन सकेनौं र आर्थिक क्रान्तिको खाका कोर्न सकेनौं भने यो परिवर्तन दिगो हुँदैन । त्यसकारण परिवर्तनको दिगोपनका लागि पनि आर्थिक समृद्धिको नयाँ खाका सुरु गर्नुपर्छ ।”

नेपाल समाजवादी पार्टी (नेसपा) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले जनताको रहेका शक्तिबीच सहकार्यको नमूना हुने बताउनुभयो । कृषिप्रधान अर्थतन्त्रको विकास गर्दै पूर्वाधार निर्माणमा दलको ध्यान जानुपर्नेमा जोड दिँदै उहाँले पूर्वाधार निर्माणसँगै रोजगारी अभिवृद्धिका योजनालाई कार्यान्वयन गरिनुपर्नेमा जोड दिनुभयो ।

चुनौतीपूर्ण भौगोलिक वनावट भए पनि गोरखा जिल्लामा विकासको प्रचूर सम्भावना रहेको उहाँको भनाइ थियो । “बेनिघाट-आरुघाट-लार्के सडकको निर्माण सुरु भएको छ, यसलाई जतिसक्दो छिटो सम्पन्न गरिनुपर्छ, बूढीगण्डकी, दरौँदी, चेपे र मर्स्याङ्दी नदीको उत्तर-दक्षिण नदी करिडोर तथा त्रिशूली नदी करिडोर निर्माण गरे मात्रै पनि गोरखामा आधारभूत पूर्वाधार तयार हुन्छ”, पूर्वप्रधानमन्त्री भट्टराईले भन्नुभयो, “पूर्वाधारसँगै रोजगारी सिर्जना र कृषि उत्पादन वृद्धिका साथै हिमाली क्षेत्रमा जडीबुटी सङ्कलन गरेर प्रशोधन केन्द्र बनाउन पनि सकिन्छ ।”

माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले राजनीतिक उपलब्धिलाई संस्थागत गरेको संविधान कार्यान्वयन गर्दै मुलुकलाई आर्थिक समृद्धिको बाटोमा लैजानुपर्ने बताउनुभयो । आर्थिक समृद्धिको फड्को मार्दै शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउने कार्यभार पूरा गर्न वाम-लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवारलाई विजयी गराउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य कमला पन्तले गोरखाली जनताको विकासको आकाङ्क्षा सम्बोधन गर्नेखालका योजना ल्याउन गठबन्धनका उम्मेदवारलाई आग्रह गर्नुभयो । “लार्के-बेनिघाट र दूधपोखरी-देउराली सडक, राष्ट्रिय गौरवको बूढीगण्डकी जलविद्युत् आयोजना, गोरखकाली रबर उद्योग सञ्चालनसँगै जिल्लाका पर्यटकीय क्षेत्रको विकासमा ध्यान दिनुपर्छ”, उहाँले भन्नुभयो ।

गोरखा क्षेत्र नं २ (२)का उम्मेदवार सुरेन्द्र पाण्डेले संविधान, गणतन्त्र, सङ्घीयतामाथिको खतरा कायमै रहेकाले वाम-लोकतान्त्रिक गठबन्धन गरेर प्रतिगमनकारी शक्ति विरुद्ध निर्वाचनमा होमिनुपरेको बताउनुभयो । “मुलुकलाई पछाडि फर्काउने प्रवृत्तिले अझै पनि टाउको उठाइरहेको छ”, उहाँले भन्नुभयो, “त्यसका लागि गठबन्धनका उम्मेदवारको विजय आवश्यक छ ।” सशस्त्र द्वन्द्वका क्रममा भएका कमीकमजोरीलाई बिर्सेर आसन्न निर्वाचनमा एक भएर लाग्न नेता कार्यकर्तालाई आग्रह गर्नुभयो ।

गोरखा क्षेत्र नं १ (१) का उम्मेदवार कृष्ण धितालले जिल्लामा प्रतिस्पर्धी रहेका दलहरु एक भएर निर्वाचनमा होमिँदा जनतामा उत्साह पैदा भएको जनाउँदै आगामी दिनमा पनि जनअपेक्षा पूरा हुने गरी काम गर्नुपर्ने बताउनुभयो । “उत्पादन वृद्धि, रोजगारी सिर्जना, सडकको स्तरोन्नति, ठूला परियोजना निर्माणमा सबै दल एक भएर लाग्नुपर्छ”, उहाँले भन्नुभयो ।

क्षेत्र नं २ (१)का उम्मेदवार फणिन्द्र देवकोटाले हिजोका दिनमा व्यवस्था बदल्न एक भएका राजनीतिक दल अब देश र जनताको अवस्था बदल्न पनि एक ढिक्का हुनुपर्नेमा जोड दिनुभयो । गोरखा क्षेत्र नं १ (२) का उम्मेदवार नन्दप्रसाद न्यौपानेले जनअपेक्षा पूरा गर्न गठबन्धनका उम्मेदवारका रुपमा लागेको जनाउँदै नागरिकप्रति उत्तरदायी भएर सबैले आआफ्नो दायित्व निर्वाह गर्नुपर्ने बताउनुभयो ।

कांग्रेसका गण्डकी प्रदेशको महामन्त्री किरणबाबु श्रेष्ठले संविधानको रक्षा, राजनीतिक स्थायित्व र समृद्धिका लागि गठबन्धन गरिएको बताउनुभयो ।

“प्राप्त उपलब्धिलाई ध्वस्त गर्ने प्रतिगामी प्रवृत्तिका विरुद्ध वाम-लोकतान्त्रिक गठबन्धन आवश्यक भएको हो”, उहाँले भन्नुभयो, “गठबन्धनका साझा उम्मेदवारलाई विजयी गराएर लोकतन्त्रको रक्षा गर्नु सबैको दायित्व हो ।रासस

# सुशासनबाट मुलुकको समृद्धि कायम हुन्छ : डा कोइराला



मोरङ । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं मोरङ निर्वाचन क्षेत्र नं ६ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार डा शेखर कोइरालाले मुलुकमा सुशासन कायम गरी समृद्ध नेपाल निर्माणका लागि गठबन्धन दललाई विजयी गराउन आग्रह गर्नुभयो ।

विराटनगर महानगरपालिका-४ स्थित राजवंशी चोकमा आज आयोजित कोणसभामा उहाँले कांग्रेस भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न अत्यन्त गम्भीर रहेको र यसमा कुनै किसिमको शङ्का नगर्न आग्रह गर्नुभयो । नेता कोइरालाले विराटनगरलाई व्यवस्थित सहर निर्माण गर्ने जिम्मा गठबन्धनले लिएको उल्लेख गर्नुभयो । नगर भएर बग्ने दुई खोला केशलिया र सिंघियामा तटबन्ध निर्माण गरी व्यवस्थित र रमणीय बनाउनेतर्फ आफ्नो प्रयास रहने उहाँले धारणा राख्नुभयो ।

क े श ि ल य ा खोलामा सुनसरीको दुहवीदेखि विराटनगरको रानीसम्म सडक करिडोर निर्माण गर्न रु १४ अर्बको योजना अगाडि बढेको डा कोइरालले सो अवसरमा जानकारी दिनुभयो । उहाँले लोकतन्त्रलाई सुदृढीकरण गर्न, संविधानको रक्षा गर्न र भ्रष्टाचार नियन्त्रणका लागिसमेत आगामी निर्वाचनमा गठबन्धन दलले जित्नुपर्ने आवश्यक्ता औँल्याउनुभयो । राष्ट्रियसभामा कांग्रेसका नेता रमेशजङ्ग रायमाझीले नगरलाई दोस्रो ठूलो सहरको रुपमा विकासमा गर्न गठबन्धन दलका उम्मेदवारको विजयी सुनिश्चित गराउन आग्रह गर्नुभयो । राष्ट्रियसभाका सदस्य एवं नेकपा माओवादी केन्द्रका नेता गोपी अछामीले मुलुकमा विकास र समृद्धिको यात्रा पूरा गर्न गठबन्धनका उम्मेदवार जित्नुपर्ने बताउनुभयो ।

मोरङ क्षेत्र नं ६ मा कांग्रेसबाट समानुपातिकतर्फका उम्मेदवार चुमनारायण तवदारले रोजगारी सिर्जनाका लागि उद्योगको स्थापना, प्राविधिक शिक्षा र बाढीबाट नगरको संरक्षणका लागि तटबन्ध निर्माण गर्न गठबन्धनको जित आवश्यक रहेको धारणा राख्नुभयो । मोरङ क्षेत्र नं ६ ‘क’ मा माओवादी केन्द्रका उम्मेदवार जीवन आचार्यले शिक्षा, स्वास्थ्य, सुकुम्बासी समस्या समाधान र नगरको भौतिक पूर्वाधार निर्माणमा लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# चिनियाँ कम्पनीसँगको सम्झौता खारेज

**सिन्ह्वा**

ओटावा । क्यानडाले चिनियाँ कम्पनीसँग गरेका खनिज सम्झौता खारेज गरेको छ । राष्ट्रिय सुरक्षालाई दृष्टिगत गरी तीन वटा चिनियाँ कम्पनीसँगको सम्झौता कार्यान्वयन नगर्ने निर्णयमा क्यानडा पुगेको हो । साथै उसले ती कम्पनीलाई सम्झौताबाट बाहिरिन आदेश पनि दिएको छ ।



क्यानडाका विज्ञान एवम् उद्योगमन्त्री फ्रान्कोइस फिलिप स्याम्पेनले खनिज क्षेत्रमा संलग्न देशका कम्पनीको लगानीको समीक्षापछि सरकार उक्त निर्णयमा पुगेको बताएका छन् । मन्त्री स्याम्पेनका अनुसार प्रत्यक्ष वैदेशिक लगानीलाई स्वागत गर्ने देशको नीति भएपनि मुलुकको राष्ट्रिय सुरक्षा तथा महत्वपूर्ण खनिज आपूर्ति शृङ्खलामा समस्या हुन नदिन उक्त निर्णय गरिएको हो ।

चीनले विश्वभरका दुर्लभ खनिज तत्वमाथि आफ्नो प्रभुत्व कायम गरिरहेका बेला क्यानडाको उक्त निर्णय सार्वजनिक भएको छ। धातु एवम् खनिजमा आत्मनिर्भर बन्ने बेइजिङको प्रयासमा तुषारापात भएको छ । चीनले आफै धेरै खनिज उत्पादन नगरे पनि क्यानडालगायत देशबाट आवश्यक कच्चा पदार्थ प्राप्त गर्न ती मुलुकमा भारी मात्रामा लगानी गरेको छ ।रासस

# फिलिपिन्स आँधी: एक सय पचास जनाको मृत्यु



**एएनआई ।**

मनिला । फिलिपिन्समा पाएङ नामक शक्तिशाली आँधीका कारण मृत्यु हुनेको सङ्ख्या एक सय ५० पुगेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्का अनुसार आँधीमा परी ३६ जना बेपत्ता भएका छन् ।

आँधीले ३९ लाख सर्वसाधारण नराम्ररी प्रभावित भएका छन् भने चार सय ९९ सडकमा क्षति भएको छ । त्यसैगरी एक सय २० वटा पुल आंशिक वा पूर्ण रूपमा भत्केका छन् । आँधीका कारण राजधानी मेट्रो मनिलासहित १७ क्षेत्रका ३१,९४२ गाउँका १८ लाख १२ हजार सात सय ४० जना प्रभावित भएका मनिला टाइम्सले जनाएको छ ।

आँधीसँगैको बाढीका कारण कम्तीमा एक लाख १३ हजार चार सय आठ हेक्टर कृषि क्षेत्र प्रभावित भएको छ भने ११ हजार ७६१ मेट्रिक टन उत्पादनमा नोक्सानी भएको छ । आठ हजार छ सय आठ किसान र माछुवारा प्रभावित भएका छन् । मिमारोपा, विकोल क्षेत्र, पश्चिमी भिसायास, जाम्बोनागा प्रायद्वीप, दक्षिणी कोटाबाटो, सुल्तान कुदारत, साराङगानी र सान्तोस शहर अधिक प्रभावित भएका छन् । यी स्थानका धान, मकैका साथै अन्य बालीमा क्षति भएको छ ।

# महिला एशियन कप छनोट खेलमा नेपाल समूह बी

काठमाण्डु । एएफसी यु-२० (२० वर्षमुनि) उमेर समूहको महिला एशियन कप छनोट खेलमा नेपाल समूह बी मा परेको छ ।

एशियाली फुटबल महासङ्घ (एएफसी)ले आज सार्वजनिक गरेको खेल तालिकाअनुसार नेपाल समूह बी मा परेको हो । नेपालको समूहमा प्यालेष्टाइनल, संयुक्त अरब इमिरेट्स (युएई) र नर्दन मारियाना आइल्याण्ड छन् । समूह बी को खेल प्यालेष्टाइनले आयोजना गर्नेछ । उक्त खेल आगामी मार्च ४ देखि १२ तारिखसम्म सञ्चालन हुनेछ ।

छनोट खेलमा सहभागी ३१ राष्ट्रका खेलाडीलाई आठ समूहमा विभाजन गरिएको छ । प्रत्येक समूहका विजेता टोलीले दोस्रो चरणका लागि स्थान बनाउनेछन् । दोस्रो चरणमा उत्कृष्ट हुने चार टोलीले सन् २०२४ को मार्च ३ देखि १६ तारिखसम्म उज्वेकिस्तानमा आयोजना हुने यु-२० महिला एशियन कपमा सहभागिता जनाउनेछन् ।रासस

# लुम्बिनीद्वारा पुलिससामु एक सय ८९ रनको चुनौती

काठमाण्डु । प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगितामा लुम्बिनी प्रदेशले नेपाल पुलिस क्लबलाई जितका लागि एक सय ८९ रनको लक्ष्य दिएको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा टस जितेर पहिले ब्याटिङ रोजेको लुम्बिनी प्रदेशले पुलिसलाई जितको लागि एक सय ८९ रनको चुनौती दिएको हो । लुम्बिनीले ४४ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै एक सय ८८ रनको योगफल बनायो ।



लुम्बिनी प्रदेशका लागि कप्तान देव खनालले सर्वाधिक ७४ रनको योगदान दिए । उनले ८८ बल खेल्दै सात चौका र दुई छक्काको मद्दतमा ७४ रनको योगदान गरेका हुन । त्यसैगरी विशालविक्रम केसीले ३० रनको योगदान दिए भने प्रज्वल थापाले २३ रन जोडे । दुर्गेस गुप्ता र मोहमद हुसेनले समान ११/११ रन जोड्दा कृष्ण कार्कीले नौ रनको योगदान गरे ।

बलिङतर्फ नेपाल पुलिस क्लबका दीपेन्द्रसिह ऐरी एक्लैले चार विकेट लिए भने करण केसी र सागर ढकालले समान दुई दुई विकेट झारे । त्यसैगरी गुल्सन झा र ललित राजवंशीले एक/एक विकेट लिए । पुलिस क्लब अहिले जवाफी ब्याटिङमा उत्रेको छ ।रासस

# डुङ्गा डुब्दा हराएका बीस यात्रुको शव भेटियो

**सिन्ह्वा**

अथेन्स । ग्रिकको इभामा अवस्थित समुद्री किनारबाट त्यहाँ डुङ्गा डुब्दा हराएका २० जना यात्रीको शव निकालिएको बताइएको छ ।

उद्धारकर्मीहरुले ती शव निकालेको अधिकारीहरुले जानकारी दिएका छन् । उद्धारकर्मीहरुका अनुसार सो क्षेत्रमा मङ्गलबार डुँगा डुब्दा ती यात्रु हराएका थिए ।

मङ्गलबारदेखि उद्धारकर्मीहरुले खोजी जारी राखेका र बुधबार उनीहरुको शव भेटिएको बताएका छन् ।

ग्रिकको राष्ट्रिय समाचार समितिले डुङ्गा डुबेपछि मंगलबार नै उद्धारकर्मीहरु त्यहाँ पुगेका तर आँधीका कारण उद्धारको काममा कठिनाइ भएको बताएको छ । सोही दिन १२ जनालाई जिवीतै उद्धार गरिएको पनि सो समाचार समितिले जनाएको छ ।

त्यसमा परेका अरु २० जनाको शव बुधबार निकालिएको पनि सो समाचार उद्धारकर्मीलाई उद्धृत गर्दै सो समाचार समितिले जनाएको छ ।

जिवीतै उद्धार गरिएकाहरुले सो डुँगामा ६८ जना यात्रु रहेका जनाएका छन् । त्यस डुँगामा इजिप्ट, अफगानिस्तान र इरानका आप्रबासी रहेका बताइएको छ ।

# युद्धविराम कायम राख्न महासचिव गुटेरेसको आग्रह

**सिन्ह्वा**

संयुक्तराष्ट्रसंघ।संयुक्तराष्ट्रसङ्घका प्रमुखले इथियोपियामा जारी युद्धविरामलाई कायम राख्न सबैले सहयोग गर्नुपर्ने बताउनुभएको छ ।

इथियोपियाको सरकार र यहाँ हिंसात्मक युद्ध गरिरहेको विद्रोहीका बीचमा भएको युद्धविरामलाई सहयोग गर्न संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसले सो आग्रह गर्नुभएको हो ।




दक्षिण अफ्रिकाको पिर्टोरियामा गएका केही दिनदेखि इथियोपियाको सरकारका प्रतिनिधि र यहाँको टिगरे क्षेत्रमा गएका केही वर्षदेखि हिंसा जारी राखेको विद्रोही समूहका बीचमा शान्ति वार्ता भएको थियो । सो वार्तापछि बुधबार यी दुवै पक्ष तत्कालै युद्धविराम गर्न सहमत भएका बताइएको छ । सो युद्धविरामको संयुक्त राष्ट्रसङ्घ र विश्व समुदायले नै स्वागत गरेको छ । संयुक्त राष्ट्रसंङ्घ महासचिव गुटेरेसले पनि सो क्षेत्रमा युद्धविरामको स्वागत गर्दै इथियोपियाली नागरिक र विश्व समुदायलाई यस कार्यको स्वागत गरी आवश्यक सहयोग गर्नुपर्ने बताउनुभएको छ ।

उहाँले टिगरे क्षेत्रमा जारी रहेको हिंसाका कारण यहाँको जनजीवन अत्यन्तै प्रभावित भएको भन्दै यसबाट नागरिकको शान्तिपूर्ण र स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्न तथा देशमा शान्ति स्थापना गर्न सबैको सहयोग आवश्यक रहेको बताउनुभएको हो ।

विश्व समुदायले पनि युद्ध विराम यहाँको पहिलो पाइला भएको भन्दै आगामी दिनमा यहाँ शान्ति स्थापना गर्नका लागि सबै लाग्नुपर्नेमा जोड दिएका छन् ।

बुधबार इथियोपियाली सरकार र उत्तरी इथियोपियाली टिगरे क्षेत्रका विद्रोहीका तर्फबाट तोकिएका वार्ता टोलीका तर्फबाट एक संयुक्त प्रेस विज्ञप्ति जारी गरी तत्कालका लागि युद्धविराम गर्न सहमत भएको जनाइएको छ ।

# छुरा प्रहार गरी प्रहरीको हत्या



**एएफपी**

जेरुसेलम । जेरुसेलमको पुरानो शहरमा एक आक्रमणकारीले बिहीबार एक जना प्रहरी अधिकारीलाई छुरा प्रहार गरी हत्या गरेको छ । आक्रमणकारीलाई प्रहरीले गोली हानेर मारेको इजरायली प्रहरीले जानकारी दिएको छ ।

इजरायली चुनावको अन्तिम मतगणना भइरहेको बेला प्रहरी अधिकारीको हत्या भएको हो ।

# अल्बानियामा आप्रवासी विवाद कम गर्न बेलायत सरकारको प्रयास

**एएफपी**

लण्डन । अल्बेनियाले बेलायतका प्रधानमन्त्री इदी रामाले आफ्नो आप्रवासन समस्या उल्झाएको आरोप लगाएपछि बेलायतले तिरानासँगको विवाद साम्य पार्ने प्रयास गरेको छ । विदेशमन्त्री जेम्स क्लेभरलीले यस बिषयमा लण्डनमा रामासँग वार्ता गर्नुभएको छ । उहाँले बुधबार अबेर यस सम्बन्धमा ट्वीट गर्दै आफूहरुबीच ' महत्वपूर्ण बैठक' भएको जानकारी दिनुभएको छ ।

उहाँले भन्नुभयो, "हामी सहमत छौं कि हामीले मानव तस्करहरूको व्यापार मोडेल तोड्नुपर्छ जसले जीवनलाई जोखिममा पारिरहेका छन् ।' सरकारका मन्त्री ग्राहम स्टुअर्टले पनि बिहीबार बिहान अल्बानियाले यस समस्यासँग जुध्न गरेको सहयोगका लागि बेलायतले आभार व्यक्त गरेको बताउनुभएको थियो । दुवै मन्त्रीका शब्दहरू अल्बानियाप्रति गृहमन्त्री सुएला ब्रेभरम्यानभन्दा बढी शान्त स्वरमा आएका छन् । अल्बानियाली शरणार्थीहरूले बेलायतमा बस्ने अधिकार प्राप्त गर्न आधुनिक दासतासम्बन्धी कानूनको दुरुपयोग गरेको आरोप लगाएका छन् ।

रामाले बेलायतले अल्बानियालीहरूमाथि सक्रिय रूपमा 'भेदभाव' गरेको आरोप लगाउनुभएको बताइएको छ । अल्बानियालीहरूलाई बेलायतको अपराध र सीमा समस्याको कारणको रूपमा लक्षित गर्नु सजिलो बहाना हो तर यसले निर्मम तथ्यलाई बेवास्ता गर्दछ,' रामाले बुधबार ट्वीट गरेका छन् ।

उहाँले भन्नुभयो, "बेलायतमा अल्बानियालीहरू कडा परिश्रम गर्छन् र कर तिर्छन् । बेलायतले सबै राष्ट्रियताका अपराध गिरोहसँग लड्नुपर्छ र नीतिगत असफलताको बहाना बनाउन र भेदभाव गर्न बन्द गर्नुपर्छ । स्टुअर्टले अल्बानियाले वरिष्ठ प्रहरी अधिकारीहरूलाई दावेदारहरूको प्रक्रियालाई गति दिन मद्दत गर्न पठाएकोमा प्रशंसा गर्नुभयो र असफल शरण खोज्नेहरूलाई फिर्ता गर्न 'द्रूत प्रणाली'को खोजी गरिने बताउनुभयो ।

यस हप्ताको सुरुमा ब्रेभरम्यानले उत्तरी युरोपबाट च्यानल पार गर्न साना डुङ्गाहरू प्रयोग गर्ने आप्रवासीहरूको रेकर्ड सङ्ख्यालाई 'आक्रमण' को रूपमा वर्णन गरेकोमा संयुक्त राष्ट्रसङ्घका नयाँ अधिकार प्रमुखको चेतावनीसहित आक्रोश उत्पन्न भएको थियो ।

स्टुअर्टले भन्नुभयो, "हामी सहकार्यमा काम गर्ने प्रयास गरिरहेका छौं, तर स्पष्ट रूपमा दबाब छ ।' यसले कहिलेकाहीं दुर्भाग्यपूर्ण भाषा निम्त्याउन सक्छ र यसलाई समाधान गर्न काम गर्न सहयोग गरेकोमा अल्बानियाली सरकारप्रति कृतज्ञता व्यक्त गर्नुपर्छ,' उहाँले स्काई न्यूजसँग भन्नुभयो ।

सरकारको गृह मामिला चयन समितिलाई अक्टोबर २६ मा दिइएको जानकारीमा भनिएको थियो, "यस वर्षको सुरुदेखि अहिलेसम्म ३८ हजार मानिसहरूले साना डुङ्गाहरूमा च्यानल पार गरिसकेका छन् ।' ती मध्ये १२ हजार अल्बानियाली थिए, जबकि सन् २०२० मा कूल ५० जना मात्र थिए ।

सन् २०१० देखि लगातार कन्जरभेटिभ सरकारले बेलायतमा आप्रवासीहरूको सङ्ख्यामा भारी कटौती गर्ने वाचा गरेका छन् र केलायतको सीमामा 'नियन्त्रण फिर्ता लिने' उनीहरूको ब्रेक्जिट अभियानको प्रमुख मुद्दा बनाएका छन् । बढ्दो शरणार्थी समस्यालाई सम्बोधन गर्न असफल भएको र दाबीकर्ताहरूका लागि आवास नपाएको, बरु उनीहरूलाई अस्थायी शिविरमा राखेको भन्दै सरकारको आलोचना हुँदै आएको छ ।

# यूरोपमा आगामी बर्ष ग्यासको अभाव हुनसक्ने : आईईए

**एएफपी**

पेरिस । युक्रेन युद्धका कारण रूसले ग्यासको आपूर्तिमा कटौती गरिरहेको अवस्थामा युरोपले अर्को वर्ष प्राकृतिक ग्यासको अभाव हुन नदिन तत्काल कदम चाल्नुपर्ने अन्तर ाष्ट्रिय ऊर्जा एजेन्सीले बिहीबार चेतावनी दिएको छ । सन् २०२३ को ग्रीष्मऋतुमा आफ्नो अर्थतन्त्रलाई चलायमान बनाउन र भण्डारण स्थललाई पर्याप्त मात्रामा भर्न आवश्यक पर्ने ३० अर्ब घनमिटर ग्यास अभाव हुन सक्ने पेरिसस्थित एजेन्सीले एक प्रतिवेदनमा उल्लेख गरेको छ ।



आईईएका अनुसार यदि रूसले पाइपलाइनमार्फत् हुने इन्धन आपुर्तिलाई पूर्ण रूपमा बन्द गऱ्यो र चीनले तरलीकृत प्राकृतिक ग्याँसको आयात बढायो भने गयस अभाव हुनेछ । यूरोपले रूसी आपूर्ति प्रतिस्थापन गर्न चीनमाथि भरोसा गरेको छ ।

रूसले युक्रेनमाथि गरेको आक्रमणलाई लिएर पश्चिमा प्रतिबन्धको प्रतिशोधस्वरूप युरोपलाई आपूर्तिमा भारी कटौती गरेको थियो, तर यो क्षेत्र आगामी हिउँदका लागि भण्डारण स्थलहरू भर्न सक्षम भएको यसअघि बताइएको थियो ।

मस्कोले यस वर्ष युरोपलाई ६० अर्ब घनमिटर ग्यास आपूर्ति गरेको छ । आईईएले एक रिपोर्टमा बताएअनुसार रूसले सन् २०२३ मा त्यति नै रकम उपलब्ध गराउने सम्भावना निकै कम छ र यसले पूर्ण रूपमा आपूर्ति बन्द गर्न सक्छ ।

विकसित देशहरूलाई ऊर्जा नीतिबारे सल्लाह दिने निकाय आईईएले आगामी वर्ष अभावको जोखिमबाट बच्न युरोपले 'तत्काल कदम चाल्नुपर्ने' बताएको छ ।

# पूर्व प्रधानमन्त्री खान गोली लागि घाइते

**सिन्ह्वा**

वजीराबाद । पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान सत्तारुढ गठबन्धनको विरोधमा निकालिएको लङ मार्चका क्रममा कन्टेनर नजिकै गोली चल्दा घाइते हुनुभएको छ । उहाँको खुट्टामा गोली लागेको बताइएको छ ।



हकीकी मार्च वजीराबाद प्रवेश गर्ने क्रममा यो घटना भएको हो । गोली चलेपछि मार्चका क्रममा भागदौड मच्चिएको थियो । कन्टेनरमा सवार पीटीआईका नेतासहित सबै आत्तिएका थिए । एआरवाई न्यूजका अनुसार गोली चल्दा प्रदर्शन जफराली खान चोक नजिकै पुगेको थियो ।

पूर्व प्रधानमन्त्री खानको लङ मार्च कन्टेनर नजिकै गोली चल्दा उहाँसहित अन्य पाँच जना घाइते भएको स्रोतलाई उद्धृत गर्दै सञ्चारमाध्यमले गोली काण्डमा पाँच जना घाइते भएको जानकारी दिएका छन् । गोली लागेर घाइते भएकाहरुलाई एम्बुलेन्समा राखेर अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

एआरवाई न्यूजले स्रोतलाई उद्धृत गर्दै आक्रमणमा सम्लग्न आरोपित एक जनाको मृत्यु भएको छ भने एक जनालाई हिरासतमा लिइएको जनाएको छ । घाइते पूर्व प्रधानमन्त्रीसहित सबैको अवस्था खतरामुक्त रहेको बताइएको छ ।

# ४६ हजार भन्दा बढी कोरोनाका नयाँ सङ्क्रमित

**सिन्ह्वा**

सोल । दक्षिण कोरियामा २४ घण्टा अर्थात बुधबार मध्यरातसम्म ४६ हजार आठ सय ९६ जना कोभिड-१९ का नयाँ सङ्क्रमित देखिएका छन् ।

यसैसँगै कुल सङ्क्रमितको सङ्ख्या २ करोड ५७ लाख १७ हजार दुई सय ७७ पुगेको स्वास्थ्य अधिकारीहरूले बिहीबार जानकारी दिएका छन् ।



दैनिक सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा कम भएका छन् । एक दिनअघि सङ्क्रमितको सङ्ख्ण्या ५४ हजार ७६६ बाट कम भएर ४६ हजा आठ सय ९६ जना भएका कोरिया रोग नियन्त्रण र रोकथाम एजेन्सी बताएको छ ।

गम्भीर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा १३ ले कम भएर २९० पुगेको छ ।

यस सङ्क्रमणको कारण थप ४१ जनाको मृत्युको पुष्टि भएपछि कोरोना शुरु हालसम्म २९ हजार दुई सय ८० जनाको मृत्यु भएको समाचारमा जनाइएको छ ।



व्यावसायिक रुपमा बाख्रापालन घोराही उपमहानगरपालिका-११,खैरामा निर्मला डिसीले व्यावसायिक रुपमा पालन गर्नुभएको बाख्रा। तस्विरः रासस

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाण्डु । तीन दिन लगातार उकालो लागेको धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार भने दोहोरो अङ्कले ओरालो लागेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १६ दशमलव १४ अङ्कले घटेर एक हजार नौ सय २२ दशमलव १६ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबारमापक गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ५० अङ्कले ओरालो लागेर तीन सय ७९ दशमलव ४३ मा सीमित भएको छ। कूल दुई सय २० कम्पनीको २७ लाख ६७ हजार पाँच सय ३९ कित्ता शेयर रु ८९ करोड ८९ लाख सात हजार आठ सय ३० मूल्यमा खरिद बिक्री भए।

नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहमध्ये आज दुई उपसमूहको शेयर मूल्य भिनो अङ्कले उकालो लाग्दा ११ उपसमूहको भने ओरालो लागेको छ।

आजको कारोबारपछि बजार पुँजीकरण रु २७ खर्ब ६४ अर्ब ७९ करोड ५३ लाख ११ हजार छ सय ८२ पुगेको छ। कारोबारका आधारमा एभरेष्ट बैंक शीर्ष स्थानमा छ । सो बैंकको



रु चार करोड तीन लाख ५१ हजार एक सय २० बराबरको कारोबार भएको छ भने गरिमा विकास बैंकको संस्थापक शेयर रु तीन करोड ६० लाख १८ हजार, अरुण काबेली पावर रु तीन करोड ४५ लाख ४० हजार चार सय ९३, एनआइसी एशिया बैंक रु तीन करोड १७ लाख १६ हजार सात सय र शिवम् सिमेन्ट रु तीन करोड १६ लाख ३५ हजार चार सय ६० बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार युनिलिभर नेपाल छ दशमलव ५६, नबिल ब्यालेन्स फण्ड पाँच दशमलब ९२, सेञ्चुरी बैंकको ऋणपत्र तीन दशमलब १८, सिटिजन म्युचुअल फण्ड दोस्रो दुई दशमलव ६८ र नेशनल लाइफ इन्स्योरेन्सका लगानीकर्ताले दुई दशमलव २९ प्रतिशतले कमाएका छन्।

यस्तै, विन नेपाल लघुवित्त चार दशमलव ९४, मन्दाकिनी हाइड्रोपावर चार दशमलब ९३, मैलुङ खोला जलविद्युत् कम्पनी चार दशमलब ४३ , ग्लोबल आइएमई ब्यालेन्स फण्ड पहिलो चार दशमलव ३१ र विशाल बजार कम्पनीका लगानीकर्ताले तीन दशमलव ९४ प्रतिशतले गुमाएका छन् ।रासस

# दराजले गऱ्यो १८ प्रमूख बैंकसँग सम्झौता

टुडे समाचारदाता

जनकपुरधाम । नेपालको सबैभन्दा ठूलो अनलाइन शपिंग फेस्टिभल ११.११ फेरी सुरु हुन गइरहेको छ । ११ लाख उत्पादनहरूमा ८०५ सम्मको छुट सहित दराजले ११. ११ को पाँचौं संस्करण येही २५ कार्तिक २०७९ (११ नोभेम्बर २०२२) मा सुरु हुने घोषणा गरेको छ।




दशैं धमाका अभियानको सफलता लगायत, दराजले निर्बाध रूपमा आफ्नो ध्यान वर्षकै सबैभन्दा ठूलो अभियानमा सारेको छ र यस भित्रको पहिलो पहल भने ग्राहकहरूलाई ११.११ को अवधिमा थप छुट उपलब्ध गराउन नेपालका अग्रणी बैंकहरूसँगको साझेदारी गर्नु कम्पनीको भनाई छ।

बैंक र प्रिपेमेन्ट छुटहरू दराजका वर्षभरिको सबै अभियानहरूको महत्त्वपूर्ण हिस्सा रहेको छ र कम्पनीले दराज ११.११ को बैंक र प्रिपेमेन्ट छुटहरू अझ ठूलो र राम्रो हुने आश्वासन दिएको छ। ११.११ को लागि दराजले डेबिटरक्रेडिट कार्ड प्रिपेमेन्ट मार्फत २०% (अधिकतम रु.३००० छुट) प्रदान गर्न नेपालका निम्न अग्रणी बैंकहरूसँग साझेदारी गरेको छ । निम्न बैंकका ग्राहकहरूले दराज ११.११ अभियानको सम्पूर्ण अवधिमा डेबिट कार्ड मार्फत १५% (अधिकतम रु.२५०००) र क्रेडिट कार्ड मार्फत २०% (अधिकतम रु.३०००) सम्मको छुट प्राप्त गर्ने छन्।

दराज ११.११ अभियानका लागि बैंक साझेदारहरू नबिल बैंक, कुमारी बैंक सानिमा बैंक, माछापुच्छे बैंक लिमिटेड, एभरेष्ट बैंक, सनराइज बैंक, मेगा बैंक एनएमबि बैंक, सटिजन्स बैंक, नेपाल बैंक, एनसीसी बैंक, नेपाल एसबीआई बैंक, सेन्चुरी बैंक, ज्योति विकास बैंक, सांग्रिला बैंक, सिद्धार्थ बैंक, हिमालयन बैंक र कामना सेवा बैंकहरु छन्।

त्यसैगरी, कम्पनीका अनुसार माथि उल्लिखित प्रीपेमेन्ट छुटहरू अभियानको अवधिमा सीमित अवधिको लागि मात्र प्रत्यक्ष हुनेछ। तसर्थ, ग्राहकहरूलाई इ(कमर्स लेनदेनको लागि आफ्नो बैंक कार्डहरू सक्रिय गर्न र बिक्री सुरु हुने बित्तिकै छूटहरू प्राप्त गर्न अनुरोध गरिन्छ।

# तारकेश्वरमा २२ करोड खर्च

काठमाण्डु । काठमाडौंको तारकेश्वर नगरपालिकाले प्रथम त्रैमासिकमा रु २२ करोड १७ लाख खर्च गरेको छ। सो नगरपालिकाले चालु आर्थिक वर्षको साउन, भदौ र असोज महिनामा भौतिक पूर्वाधार, तलब, भत्ता, शिक्षा, स्वास्थ्यलगायतमा उक्त रकम खर्च गरेको हो।

प्रशासनिक खर्च रु १३ करोड ६७ लाख ७६ हजार र पुँजीगत खर्च रु आठ करोड ४९ लाख रहेको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद घिमिरेले कागजपत्र र प्रक्रिया मिलाएर आएका कुनै पनि भुक्तानी नगरपालिकाले नरोकेकाले वित्तीय प्रगती बढेको बताउनुभयो । "काठमाडौंभित्रका अन्य नगरपालिकाको तुलनामा तारकेश्वरले उत्कृष्ट वित्तीय प्रगति हासिल गरेको छ", उहाँले भन्नुभयो।

तारकेश्वर नगरपालिकामा चालु आर्थिक वर्षको बजेट रु दुई अर्ब छ करोड रहेको छ । काठमाडौंको उत्तरी क्षेत्रमा अवस्थित तारकेश्वर नगरपालिकामा ११ वडा छन्।रासस

# मुगु र हुम्लामा वैकल्पिक व्यवस्था गरी बिजुली

काठमाण्डु । गत असोजको अन्तिम साता आएको भारी वर्षाका कारण साना जलविद्युत्गृहमा ठूलो क्षति पुऱ्याएपछि नेपाल विद्युत् प्राधिकरणले मुगु र हुल्लामा वैकल्पिक व्यवस्था गरी तत्कालका लागि विद्युत् आपूर्तिको व्यवस्था गरेको छ।

पहिराले क्षति पुऱ्याएका विद्युत्गृह पुनःनिर्माण तथा मर्मत नगरी त्यस क्षेत्रमा विद्युत् उपलब्ध नहुने अवस्था आएपछि प्राधिकरणले तत्कालका लागि डिजेल जेनेरेटरमार्फत विद्युत् उत्पादन गरी मुगु र हुम्लामा आपूर्ति गर्नेछ । यसका लागि प्राधिकरणले जेनेरेटरको व्यवस्था ती जिल्लामा पुऱ्याइसकेको छ।

गत असोज १९ देखि २५ गतेसम्मको भारी वर्षासँगै आएको बाढीपहिराले मुगुस्थित चार सय किलोवाट क्षमताको गमगाढ र हुम्लास्थित पाँच सय किलोवाटको हेल्दुङ साना जलविद्युतगृहको नहरमा ठूलो क्षति पुऱ्याएको थियो।

नहरमा क्षति पुगी विद्युत् उत्पादन बन्द भएपछि मुगु र हुम्ला विद्युतविहीन भएका थिए। भौगोलिक कठिनाइ तथा विकटताले गर्दा दुई जिल्लामा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुगेको छैन । क्षति पुगेका विद्युत् गृहका संरचनाको पुनःनिर्माण भइरहेको छ।

प्राधिकरणले गमगढी र आसपासका क्षेत्रमा विद्युत् आपूर्तिका लागि कालीकोटमा रहेको तीन सय केभिए क्षमताको जेनेरेटर मुगु पुऱ्याएको छ । हुम्लाको सिमिकोट र आसपासका क्षेत्रमा विद्युत् आपूर्तिका लागि एक सय २५ र एक सय केभिए क्षमताका जेनेरेटरको व्यवस्था गरिएको छ। प्राधिकरणका मुगुमा तीन हजार एक सय र हुम्लामा दुई हजार तीन सय ग्राहक छन्।

जेनेरेट कुलेखानी विद्युत् गृह र नयाँ बुटवल सबस्टेसनबाट सिमिकोट लगिएको हो। प्राधिकरणले ती जेनेरेट सडकबाट ढुवानी गरी मुगुको गमगढीसम्म लगेको थियो। राष्ट्रिय सडकले अहिलेसम्म नजोडिएको हुम्लामा गमगढीबाट जेनेरेटर र त्यसका लागि आवश्यक पर्ने डिजेल हेलिकप्टरमार्फत ढुवानी गरी सिमिकोट पुऱ्याइएको छ।



प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवाल, कर्णाली प्रादेशिक कार्यालयका प्रमुख शम्भु कुसियत यादव सम्मिलित टोली बुधबार जेनेरेटर लिएर सिमिकोट पुगेको प्राधिकरणले जनाएको छ।

प्राधिकरण र हुम्लाका प्रमुख जिल्ला अधिकारी सीता परियार नेतृत्वको टोलीले पहिराले क्षति पुऱ्याएको हेल्दुङ विद्युत्गृहको संरचना र त्यहाँ भइरहेको पुनःनिर्माणको स्थलगत निरीक्षण गरेको थियो। टोलीले एक महिनाभित्रमा पुनःनिमाणको काम सम्पन्न गर्न निर्माण व्यवसायी लगायतलाई निर्देशन दिएको छ।

कार्यकारी निर्देशक घिसिङले साना विद्युत् गृहको पुनःनिर्माण भइरहेको र यसका लागि अझै कम्तीमा एक महिना लाग्ने देखिएकाले यस अवधिमा त्यस क्षेत्रको विद्युत्विहीनताको अवस्थाप्रति संवेदनशील भई तत्कालका लागि हेलिकोप्टरमार्फत जेनेरेटर र डिजेल ढुवानी गरी वैकल्पिक रुपमा विद्युत् आपूर्तिको व्यवस्था गरिएको जानकारी दिनुभयो।

"जेनेरेटरमार्फत विद्युत् उत्पादन गर्दा लागत प्रतियुनिट रु ८० भन्दा बढी पर्छ, तर यहाँका अधिकांश ग्राहकबाट न्यूनतम रु ३० मात्र उठ्छ, यहाँ खपत हुने विद्युत्को आम्दानीभन्दा लागत दोब्बर बढी महँगो छ, तर सबैको घरमा उज्यालो पुऱ्याउने राज्यको दायित्व भएकाले नाफा नोक्सान नहेरी विद्युत्लाई आधारभूत आवश्यकताको वस्तुका रुपमा लिएर हेलिकप्टरमार्फत सामान ढुवानी गरेरै भए पनि आपूर्तिको व्यवस्था गरेका छौँ", घिसिङले भन्नुभयो।

क्षति पुगेका विद्युत्गृहको जतिसक्दो छिट्टो पुनःनिर्माण तथा मर्मत गर्ने तयारी छ । त्यस स्थानको भौगोलिक अवस्थिति र बनावट हेर्दा त्यो पनि दीर्घकालीन हुने जस्तो देखिएको छैन । तसर्थ सौर्य ऊर्जा केन्द्रको स्थापना गर्ने र दुई वर्षभित्रमा कर्णाली प्रदेशका सबै जिल्लामा राष्ट्रिय प्रसारण लाइन लाइन पुऱ्याउने गरी काम गरिरहेको प्राधिकरणले जनाएको छ।

हुम्लाका प्रमुख जिल्ला अधिकारी परियारले स्थानीय सरकारी कार्यालय तथा प्राधिकरणबाट रकम जोहो गरिएको र जनश्रमदानमार्फतसमेत पहिराले क्षति पुऱ्याएको विद्युत्गृहको नहरको पुनःनिर्माण भइरहेको बताउनुभयो।

"पुनःनिर्माणमार्फत विद्युत्गृह तत्कालका लागि सञ्चालनमा ल्याए पनि त्यो क्षेत्र विपद् जोखिमयुक्त भएकाले दीर्घकालीन हुँदैन, त्यसैले विद्युत् आपूर्तिको स्थायी विकल्प खोजी गरी तत्काल काम सुरु गर्नुपर्छ", उहाँले भन्नुभयो।

मुगुका प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले गमगाढ विद्युत्गृहको पुनःनिर्माण जतिसक्दो छिट्टो सम्पन्न गरी विद्युत् आपूर्तिको व्यवस्था गर्न आग्रह गर्नुभयो । उहाँले पुनःनिर्माणका लागि आवश्यक सहजीकरण गरिदिन आफू तयार रहेको प्रतिबद्धता जनाउनुभयो।

**'कर्णालीको विद्युतीकरण उच्च प्राथमिकतामा'**


प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले कर्णाली प्रदेशमा पर्ने जिल्लाको विद्युतीकरणलाई उच्च प्राथमिकतामा राखी काम भइरहेको बताउनुभयो । "कालीकोट, जुम्ला, हुम्ला, मुगु र डोल्पामा कम्तीमा पनि दुई/दुई मेगावाटका सौर्य ऊर्जा प्लान्ट राख्ने, एशियाली पूर्वाधार लगानी बैंक (एआइआइबी) र युरोपेली लगानी बैंक (इआइबी)बाट करिब २२ करोड अमेरिकी डलर (करिब २८ अर्ब रुपैयाँ) सहुलियतपूर्ण ऋण लिएर लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा विद्युतीकरण गर्न, सरकारको लगानी र प्राधिकरणले आफूले कमाएको नाफाबाट केही अंश छुट्याएर यस क्षेत्रमा विद्युत्को पहुँच विस्तारमा खर्च भइरहेको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो।

दुई वर्षभित्रमा कर्णाली प्रदेशका जिल्लाको विद्युतीकरण सम्पन्न गर्ने लक्ष्य राखी बोलपत्रको प्रक्रिया अगाडि बढाइसकेको छ । एशियाली विकास बैंकको अनुदानमा सौर्य ऊर्जा केन्द्र स्थापना गर्न पनि छलफल भइरहेको र यसबारे छिट्टै निर्णय हुने जनाइएको छ।

प्राधिकरणले कर्णाली प्रदेशका सुर्खेत, दैलेख, सल्यान, रुकुम-पश्चिम, जाजरकोट, कालीकोट र जुम्लामा राष्ट्रिय प्रसारण प्रणालीमार्फत (ग्रिड) तथा हुम्ला, मुगु र डोल्पामा लघु जलविद्युत्मार्फत विद्युत् आपूर्ति गरिरहेको छ। मुगुमा यस वर्षभित्रै राष्ट्रिय प्रसारण लाइन पुग्नेछ । कर्णाली प्रदेशमा ५६ दशमलव ७९ प्रतिशत विद्युतीकरण भएको छ ।रासस

# धानमा लागेन दाना, किसान चिन्तित

वालिङ । पाक्ने बेला हुँदा पनि धानमा दाना नलागेपछि यहाँका किसान चिन्तित भएका छन्। स्याङ्जाको वालिङ नगरपालिका-१४ हुल्काङमा लगाइएको धानमा दाना नलागेको हो।



स्थानीय बजारका एग्रोभेट पसलबाट 'युएस ३१२' जातको हाइब्रिड धानको बीउ लगेर रोपेको स्थानीय कृषक टेकप्रसाद डुम्रेले बताउनुभयो । विगत दुई तीन वर्षदेखि यही जातको धान लगाउँदै आए पनि अरु बेला उत्पादन राम्रो भएको तर यसपटक धानमा दानानै नलागेको हो । "विगतमा पनि यही धान लगाउँदै आएको थिएँ, यसपटक पनि यही धानको बीउ ल्याएर ब्याड राखी धान रोपेको हुँ", उहाँले भन्नुभयो, "यसपटक त के भयो-भयो, पराल हरियै छ तर धान पसाएर नुग्ने बेलामा नुग्दै नुगेन।"

डुम्रेले सात रोपनी क्षेत्रफलमा लगाउनुभएको धानखेतीमा दाना नै नलागेको हो । मानो खाएर मुरी उब्जाउने समयमा धानमा दाना नलागेर कालै भएपछि उहाँ चिन्तामा हुनुहुन्छ। "धान ठटाउनै पर्दैन, पराल हरियै छ, बल्ने भए आगो लगाइदिन्थे", उहाँले भन्नुभयो, "विगत वर्षहरूमा यही क्षेत्रफलमा १४-१५ मुरी धान उत्पादन हुन्थ्यो, यसपटक त मेहनत, परिश्रम, लगानी सबै माटोमै मिल्यो।"

यस ठाउँमा डुम्रेको सात रोपनी र अन्य तीन जना कृषकको दश रोपनी गरी कूल १७ रोपनी क्षेत्रफलमा लगाइएको धानमा दाना नलागेको वालिङ नगरपालिकाका कृषि प्राविधिक केशबहादुर थापाले बताउनुभयो । कृषकले धानमा दाना नलागेको भन्ने खबर गरेपछि खेतमै पुगेर अनुगमन तथा निरीक्षण गरेर फर्किएको उहाँले बताउनुभयो । "यो ठाउँमा अन्य कृषकले लगाउनुभएको उही जातको धान राम्रो फलेको छ तर चार कृषकको खेतमा लगाइएको धानमा दाना नै छैन", उहाँले भन्नुभयो, "यो अन्य कारणले भन्दा पनि धान पसाएर फूल खेल्ने बेलामा परेको अविरल वर्षाका कारण क्षति भएको हो।"

'युएस ३१२' जातको हाइब्रिड धान यस ठाउँका लागि उपयुक्त भए पनि ढिलो रोपेकाले पनि समस्या देखिएको उहाँको दाबी छ। केही दिनअघि रोपिएको खेतमा धान राम्रो भएको तर ढिलो रोपिएको साथै फूल खेल्ने बेलामा चार/पाँच दिनको अविरल वर्षा मुख्य कारण भएको उहाँ बताउनुहुन्छ ।रासस

मधेश प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश जनस्वास्थ्य प्रयोगशाला
जनकपुरधाम, धनुषा

बोलपत्रको आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति -२०७९।०७।१८

यस कार्यालयबाट मिति २०७९।०५।३० गते प्रकाशित ठेक्का नं. Re–PPHL2/G/NCB/02/2079–80 को 1S2E बिधि बमोजिमको संशोधित सुचना अनुसार रितपुर्वक दाखिला हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजीमको बोलपत्रदाताहरुले पेश गरेको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही देखिई छनौट भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को (संशोधन सहित) को नियम ३१ (ङ) ५ अनुसार आर्थिक प्रस्ताव खोलि मुल्यांकन गर्ने प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

| सि. नं. | ठेक्का नं. | प्राबिधिक प्रस्ताबबाट सारभुतरुपमा प्रभाबग्राही ठहरिएका बोलपत्रदाताहरुको नामाबली | आर्थिक प्रस्ताब खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | Re–PPHL2/G/NCB/02/2079–80 | Seven Hills Pvt. Ltd., Putalisadak, Kathmandu | प्रदेश जनस्वास्थय प्रयोगशाला, जनकपुरधाम मिति -२०७९।०७।२५ समय दिनको २ बजे |

निर्देशक

# कछुवाको गतिमा महेन्द्र नारायण निधि अवास योजना

**टुडे समचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको जनता अवास कार्यक्रमकै प्राकृतिका महेन्द्र नारायण निधि अवास कार्यक्रम सुस्त गतिमा देखिएको छ ।

उक्त कार्यक्रम अन्तर्गत गत वर्ष नै सम्झौता भएका भवनहरुको अझै पूर्ण सम्पन्न हुन सकेको छैन् । भौतिक पूर्वाधार तथा विकास मन्त्रालयका अनुसार सम्झौता भएका भवनहरु अझै पूर्ण रुपामा सम्पन्न हुन नसकेको जनाएको छ ।



गत वर्ष भवन डिजिभन कार्यालय जनकपुरधामले धनुषामा ८४, महोत्तरीमा ८२ र सर्लाहीमा ८३ गरी २ सय ४९ घरको निर्माणको लागि सम्झौता गरेको थियो । तर त्यस मध्ये अहिले सम्म एउटा पनि घर पूर्ण रुपमा सम्पन्न हुन सकेको छैन् ।

भवन डिजिभन कार्यालय जनकपुरधामका योजना अधिकृत पशुपति कर्णका अनुसार अधिकांश योजना गत वर्षको असारमा मात्रै सम्झौता भएकोले निर्माण कार्यमा खासै प्रगति हुन सकेको छैन् । महेन्द्र नारायण निधि अवास योजनाको कार्यविधिमा सम्झौता भएको ६ महिना भित्रमा उक्त भवनको निर्माण कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । तर यस हिसाबले सम्झौता भएको ५ महिना भईसक्दा पनि अधिकांश घर भवनको अहिले सम्म शिलान्यास हुन सकेको छैन भने कति पय घरको पिलर सम्म मात्रै निर्माण हुन सककेको छ ।

धनुषा र महोत्तरीको भन्दा सर्लाही जिल्लामा सो कार्यक्रम झन सुस्त देखिएको छ । धनुषाको नगराईन नगरपालिका लगायतका स्थानमा कार्यहरुले गति लिएको बताउदै उनले भने-'पहिला चरणमा सम्झौता भएकाहरुको कार्य अगाडि बढेको छ भने पछि सम्झौता भएका भवनहरुको मात्रै निर्माणमा ढिलाई भएको छ । निर्वाचन पश्चात ती कार्यहरु पनि तिव्रता पाउने छ ।'

प्रदेश सरकारले महेन्द्र नारायण निधि अवास कार्यक्रम अन्तर्गत एउटा कार्यक्रमको लागि ५ लाख ६० हजार रकम विनियोजन गरेको छ । भवन निर्माणको लागि तीन चरणमा प्रदेश सरकारले रकमको भुक्तानी दिने गरेको भौतिक पुर्वाधार मन्त्रालयका इन्जिनियर सुम्मि मिश्राले जानकारी दिईन । पहिलो किस्ता ३५ प्रतिशत, दोस्रो किस्ता ५० प्रतिशत र अन्तिम किस्ता १५ प्रतिशत दिने प्रवधान रहेको इन्जिनियर मिश्राले बताईन ।

महेन्द्र नारायण निधि अवास योजना अन्तर्गत गरिव विपन्न, असहाय एकल महिलालाई दुई कोठा, एक भान्सा घर, एक शौचालय र एक चपाकल निर्माण गरिदिने कार्यक्रम रहेको छ । उक्त कार्यक्रमको लागि प्रत्येक जिल्लामा ३ करोडको दरले प्रदेश सरकारले चालु आर्थिक वर्षमा रकम विनियोजन गरेको योजना अधिकृत कर्णले जानकारी दिए ।

# मन्त्री र स्थानीय तहका पदाधिकारीहरूकोलागि आचारण

**टुडे समाचारदाता**

काठमाण्डु । मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, भयरहित एवं मितव्ययी ढंगले सम्पन्न गराउन निर्वाचन आयोगबाट जारी निर्वाचन आचारसंहिता, २०७९ ले नेपाल सरकार वा प्रदेश सरकारको मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीले त्यसरी निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा पालना गर्नुपर्ने आचरणहरूको व्यवस्था गरेको छ ।



आचारसंहिताको दफा ५ को खण्ड (क) ले नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले निर्वाचन प्रचार प्रसारका क्रममा पालना गर्नुपर्ने आचरणको व्यवस्था गरेको छ। संशोधित आचारसंहिताबमोजिम निर्वाचनमा आफैँ उम्मेदवार भएका मन्त्रीले आफू उम्मेदवार भएको क्षेत्रमा निर्वाचन प्रचार प्रसारमा संलग्न हुन सक्नेछन् । त्यसरी प्रचार प्रसार गर्दा सरकारी साधन स्रोतको प्रयोग गर्न भने आचारसंहिताले रोक लगाइएको छ ।

ती व्यवस्थाहरूको पालना गर्न तथा गर्न लगाउन निर्वाचन आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत नेपाल सरकारका मन्त्रीहरूलाई तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सरकारका मन्त्रीहरूलाई निर्देशन दिइसकेको छ । आचारसंहितामा नेपाल सरकारका मन्त्रीले आयोगको सहमति लिई त्यसरी सहमति लिएको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन र प्रदेश सरकारका मन्त्रीले प्रदेश निर्वाचन कार्यालय मार्फत वा सोझै आयोगको सहमति लिई त्यसरी सहमति लिएको सम्बन्धित प्रदेशभित्रको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्ने व्यवस्था रहेको छ ।

आचारसंहिताबमोजिम स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तह बाहेक अन्य स्थानीय तहमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्नेछन् ।

# जनताको रुझान आफू तिर : राज्यमन्त्री यादव

**टुडे समाचारदाता**

गरुडा । रौतहट निर्वाचन क्षेत्र नं १ (ख) का नेकपा एमाले र जसपाका साँझा उम्मेदवार योगेन्द्र राय यादवले आफ्ना पक्षमा जनताको जनलहर छाएकोले मंसिर ४ गते हुने निर्वाचनमा आफ्नो जित कसैले रोक्न नसक्ने दावी गरेका छन् ।



यसअघि प्रदेश सांसदमा निर्वाचित हुँदा निरन्तर जनताको बीचमा रहेको र क्षेत्रमा आफूले गरेको विकासको आधारमा यहाँका अधिकांश जनता फेरी आफूलाई नै जिताउन आतुर रहेको यादवले बताए ।

रौतहट निर्वाचन क्षेत्र नं १ (ख) अन्तर्गत पर्ने माधवनारायण नगरपालिका-६ माधोपुर बजारमा बिहीवार आयोजित चुनावी कोणसभालाई सम्बोधन गर्दै मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी राज्य मन्त्री समेत रहेका प्रदेश सांसदका उम्मेदवार यादवले आफू अन्य नेता जस्तो काम कम र गफ बढी गर्ने नेता नभएको बताउँदै आफूले यसअघि प्रदेश सांसदमा निर्वाचित हुँदा पाँच वर्ष निरन्तर जनताको सुख दुखमा साथ दिइ क्षेत्रमा विभिन्न विकास निर्माणका काम गरी काम गर्ने नेता प्रमाणीत गरिसकेको बताए ।

अन्य नेता म जितेपछि फलानो काम गर्छु भनी झुठो आश्वासन दिँदै हिडने गरेको छ तर आफू काम गरेर देखाइसकेकोले आफूले गरेको कामको मुल्यांकन गरी यहाँका नागरिक फेरी आफूलाई नै बहुमत दिएर विजयी बनाउने उनले विश्वास व्यक्त गरे । जनमत आफ्नो पक्षमा रहेको दावी गर्दै राज्य मन्त्री यादवले आफू सामुने कोही टिक्न नसक्ने दावी गरे । क्षेत्रलाई विकसित र समृद्ध बनाउने उद्देश्यका साथ चुनावी मैदानमा उत्रेको उनले बताए ।

आफू फेरी निर्वाचित भए क्षेत्रमा अधुरो रहेको कामहरुलाई पुरा गर्दै जनताले अनुभुति गर्ने गरी काम गरेर देखाउने उनले प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा बोल्दै जनता समाजवादी पार्टीका नेता देवेन्द्र मिश्राले क्षेत्र नं १ (ख) को विकासका लागि योगेन्द्र यादवले अहम भूमिका खेलेकोले पुनः उनलाई जित्नुको विकल्प नरहेको बताए ।

यादवले यस क्षेत्रलाई विकासको गतिमा अगाडि बढाएकोले एक पटक पुनः छाता छापमा मतदान गरी जसपा नेता योगेन्द्र यादवलाई नै विजयी बनाउन उनले आम मतदाताहरुलाई आग्रह गरेका छन् ।

# भण्डारीको घरदैलो तीव्र

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरी निर्वाचन क्षेत्र नम्वर २ का प्रतिनिधिसभा सदस्य सरत सिंह भण्डारीले चुनावी घरदैलो कार्यक्रमलाई तीव्र बनाएका छन् । उनले बिहीवार निर्वाचन क्षेत्र नम्वर २ को डाम्ही मडैमा घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् ।



घरदैलोको क्रममा उनले आगामी निर्वाचनमा गरेको बाचा पुरा गरे तर, मधेशीहरुको मुल समस्या समाधान गराउन नसकेको प्रति दुःख व्यक्त गरेका थिए । उनले नागरिकता विधेयक प्रमाणीकरण हुन नसकेको प्रति दुःख व्यक्त गर्दै नेकपा एमालेको बाधाअडचनका कारण नागरिकता विधेयक प्रमाणीकरण हुन नसकेको आरोप लगाए ।

भण्डारीले आफूले विगत देखी मधेश मुद्दामा स्पष्ट रहेको बताउँदै आगामी दिनमा मधेशका मुद्दाहरुलाई स्थापित गराउनकालागि प्रतिवद्ध रहेको बताएका थिए । जनताको धेरै आशा र अपेक्षा सवै पुरा गर्न नसकिएपनि गत निर्वाचनमा गरेको बाचाहरु मध्ये नागरिकता विधेयक प्रमाणीकरण मात्रै रोकिएको बताएका थिए ।

मधेश प्रति वक्रदृष्टि राखेकाहरुले मधेशलाई आफ्नो रैथाने बुझ्नेहरुको मानसिकता अहिले पनि परिवर्तन नभएको भन्दै उनले आगामी दिनमा मधेशका मुद्दाहरु स्थापित हुँदै जाने र नागरिकता विधेयक पारित भएपछि आफूहरुको जित हुने उनले बताए । यहाँबाट विजयी भएर गएपनि नागरिकता विधेयक प्रमाणीकरण नहुनु आफूहरुको हार रहेको उनले स्वीकारे । नागरिकता विधेयक प्रमाणीकरण गराएपछि मात्रै लोकतान्त्रिक समाजवादी पार्टीको सही जित हुने उनले दावी गरे ।

मधेश प्रदेशवाट नेकपा एमाले जस्तो संघीयता विरोधी र मधेश विरोधी पार्टीलाई जिताएर मधेशका जनता आफ्नै खुट्टामा आफै बञ्चरो प्रहार गर्ने गरेको उनले बताए ।

# घाइते भएका वृद्धको मृत्यु

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका वडा नम्बर ३२ चोर्नीमा ट्र्याक्टरको ठक्करबाट गम्भीर घाइते भएका एक बृद्धको उपचारका क्रममा बिहीबार बिहान मृत्यु भएको छ ।

मृत्यु हुनेमा चोर्नीकै ५९ वर्षीय चोकट महत्तो रहेका छन् । यही कातिक १३ गते चोर्नीमा ना ६ त ५५०२ नम्बरको ट्र्याक्टरले पैदल यात्री महत्तोलाई ठक्कर दिँदा उनी गम्भीर घाइते भएका थिए । उनको वीरगञ्जको गण्डक स्थित नेपाल मेडिसिटि बयोधा अस्पतालमा उपचार भइरहेको थियो ।

उपचारकै क्रममा बिहीबार विहान ६ बजे तिर महत्तोको मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्कर दिने ट्र्याक्टर र त्यसका चालक धर्मेन्द्र यादवलाई नियन्त्रणमा लिइएको पनि प्रहरीले जनाएको छ ।

# न्यायका लागी साह दम्पती अदालत अगाडि आमरण अनसनमा




**टुडे समाचारदाता**

राजविराज । न्यायका लागि एक दम्पत्ति बिहीबार उच्च अदालत जनकपुर राजविराज इजलास अगाडि अनसनमा बसेका छन् ।

राजविराज वडा नं. ४ निवासी दिनेशप्रसाद साह र उनकी श्रीमती गौरी साह अंश मुद्दामा लामो समयदेखी न्याय नपाएको भन्दै अदालतको मूल गेट अगाडि बिहान १० बजेदेखी दोश्रो पटक आमरण अनसनमा बसेका छन् ।

सप्तरी जिल्ला अदालतबाट वादी दिनेश प्रसाद साह बिरुद्ध उनका दाजु उमेश प्रसाद साहले २०६३ सालको अंश मुद्दामा २०६४ साल मंसिर २५ गते दुबै दाजु भाईलाई ४/४ धुर जग्गा हुने गरी फैसला भएपनि सो फैसला अझै कार्यान्वयन हुन नसकेको दिनेशको भनाई छ । जिल्ला अदालतले गरेको फैसला विरुद्ध उनका दाजु उमेश प्रसाद साहले उच्च अदालत जनकपुर राजविराज इजलासमा रिट निवेदन दिए पछी फैसला कार्यान्वयन प्रक्रिया लम्बिएको छ ।

यस अघि गत असोज ६ गते पहिलो पटक अनसनमा बसेका साह दम्पत्तिलाई उच्च अदालतका न्यायाधिशहरुले असोज २७ गते हुने पेशीमा न्याय पाउने विश्वास दिलाएपछि सोही दिन साँझ अनसन तोडिएको साह दम्पत्तिले जानकारी दिए । "आज कार्तिक १७ गते हुदाँ पनि फैसला कार्यान्वय गरी न्याय पाउन सकिएन" दिनेशले भने -"त्यसैले बाध्य भई पुनः आमरण अनसन वसेका हौं ।"

उच्च अदालत जनकपुर राजविराज इजलाशका उपरजिष्टार उज्ज्वल न्यौपानेले अदालतमा मुद्दाको चाप बढिरहेको र फौजदारी मुद्दालाई प्राथमिकतामा राखेर फैसला गर्नुपर्ने हुदा साह दम्पतीका विषयमा प्रक्रिया अनुसार पालो आएपछी न्यायनिरुपण हुने बताए ।

**विज्ञापन आचारसंहिताको पालना गरौं ।**

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सीहरु विज्ञापन बोर्डमा सूचीकरण गरौं ।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसंग मात्र विज्ञापनको कारोबार गरौं ।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं ।
- विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं ।

**विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने सञ्चारमाध्यमले २०७९ कार्तिक १८ गतेसम्ममा विज्ञापन बोर्डमा सूचीकरण गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

